# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक ६६ | काठमाडौं | शनिबार, १४ असार २०८२ | Prabhab National Daily | Saturday, June 28, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–


**सन्दर्भः वैदेशिक रोजगार**

वैदेशिक रोजगारीका समस्याबारे छलफल

## श्रमिकको सुरक्षालाई प्राथमिकता दिनुपर्नेमा जोड

■ **प्रभाव संवाददाता**

काठमाडौं- नेपाल वैदेशिक रोजगार व्यवसायी एकता समितिका अध्यक्ष हरिबहादुर पाण्डे क्षेत्रीले व्यवसायीले कानुनी प्रक्रियाबाट श्रमिक पठाउँदा पनि अनावश्यक रूपमा दोष लिनुपर्ने अवस्था रहेको बताएका छन्। समितिले शुक्रबार आयोजना गरेको 'वैदेशिक रोजगारीका समस्या र सुरक्षा निकायको भूमिका' विषयक अन्तर्क्रिया कार्यक्रममा उनले यस्तो धारणा राखेका हुन्।

'हामीले कानुनी प्रक्रिया पूरा गरेर श्रमिक पठाउँछौं। तर श्रमिक गएका कम्पनीले सम्झौताअनुसार सेवा सुविधा नदिँदा वा ज्यालामा कटौती हुँदा दोष हाम्रो टाउकोमा आउँछ,' अध्यक्ष क्षेत्रीले भने।

उनका अनुसार श्रमिक पठाउने क्रममा व्यवसायीले श्रमिकलाई कम्पनीको प्रतिनिधि वा वैदेशिक रोजगार प्रतिनिधिबाट सेवा सुविधाबारे जानकारी दिए पनि कम्पनीले कार्यस्थलमा सम्झौता कार्यान्वयन नगर्दा कामदारले नेपाल फर्किएपछि व्यवसायीमाथि मात्र दोषारोपण गर्ने प्रवृत्ति देखिएको छ।

क्रमशः पृष्ठ २ मा

## 'प्रविधिमैत्री सीपयुक्त जनशक्ति तयार गरौं'


**काठमाडौं (प्रस)**– श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले रोजगारीका लागि प्रविधिको प्रयोग गर्नसक्ने सीपयुक्त दक्ष जनशक्ति तयार गर्नुपर्ने बताएका छन्। शुक्रबार मन्त्रालयमा आयोजित स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान, वैदेशिक रोजगार बोर्ड र हेल्भेटास नेपालबीच सम्झदारीपत्रमा हस्ताक्षर कार्यक्रममा बोल्दै मन्त्री भण्डारीले विश्वको बदलिँदो परिवेशमा प्रविधि प्रयोगको ज्ञान, सीप र क्षमता भएका दक्षशक्ति उत्पादन गर्न सके रोजगारीका लागि धेरै चिन्ता गर्नु नपर्ने बताएका हुन्।

मन्त्री भण्डारीले अब श्रमको बारेमा अध्ययनको आवश्यकता रहेको बिषयमा जोड दिँदै काठमाडौं विश्वविद्यालयसँगको सहकार्यमा 'डिप्लोमा इन लेबर स्टडिज' कोर्ष सञ्चालन गर्ने गृहकार्य र छलफल अगाडि बढिरहेको जानकारी दिए।

क्रमशः पृष्ठ २ मा

# एसइई नतिजामा उल्लेख्य सुधार

- नन ग्रेडेड ३८.१९ प्रतिशत विद्यार्थीको पूरक परीक्षा साउन २९ गते
- नतिजामा चित्त नबुझे २३ असारभित्र पुनर्योगका लागि आवेदन दिन सकिने
- सबैभन्दा बढी गणितमा एक लाख २८ हजार २१५ जना विद्यार्थीको नतिजा एनजी




■ **प्रभाव संवाददाता**

**काठमाडौं–** माध्यमिक शिक्षा परीक्षा (एसइई)को नतिजामा पोहोरभन्दा यसपटक धेरै सुधार देखिएको छ। राष्ट्रिय परीक्षा बोर्डले शुक्रबार साँझ सार्वजनिक गरेको २०८१ मा सञ्चालित एसइई परीक्षाको नतिजामा उल्लेख्य सुधार देखिएको हो। बोर्डका अनुसार यसपटकको परीक्षामा सहभागीमध्ये ६१.८१ प्रतिशत परीक्षार्थी 'ग्रेडेड' भएका छन्।

जबकि, २०८० को परीक्षामा ४७.८६ प्रतिशतमात्रै विद्यार्थी ग्रेडेड भएका थिए। उक्त परीक्षाफलपछि सरकारको चर्को आलोचना भएको थियो। त्यतिबेला शिक्षाविद्हरूले सरकार नै अनुत्तीर्ण भएको आरोप लगाएका थिए। प्रधानमन्त्री केपी शर्मा ओलीलेसमेत ५२ प्रतिशत विद्यार्थी अनुत्तीर्ण हुनुको कारण शिक्षकले सिकाउन नजानेको तर्क गरेका थिए। शिक्षकहरू तलब बढाउन मागसहित सडक आन्दोलनमा आउँदा गत फागुनमा प्रधानमन्त्री ओलीले यसको विरोध गर्दै भनेका थिए- विद्यार्थी अनुत्तीर्ण हुनेगरी पढाउने शिक्षकको तलब बढ्दैन।


एसइईको २०८० सालको परीक्षामा चार लाख ६४ हजार ७८५ जना विद्यार्थी सहभागी भएका थिए। यो वर्ष २०८१ चैत ७ देखि १९ गतेसम्म सञ्चालन भएको एसइई परीक्षामा पाँच लाख १४ हजार ७१ परीक्षार्थी सहभागी भएका थिए। परीक्षालगत्तै शिक्षकहरू आन्दोलनमा उत्रँदा एसइईको नतिजा ढिला आउने हो कि भनी आशंका गरिएको थियो। यद्यपि विभिन्न बाधा पन्छाएर समयमै नतिजा निकाल्न सफल भएको बोर्डका अध्यक्ष डा. महाश्रम शर्माले बताए।

यसपटकको एसइई परीक्षामा नियमिततर्फ सहभागी चार लाख ३८ हजार ८९६ परीक्षार्थीमध्ये ४८ हजार १७७ जनाले ३.६ जिपिएदेखि चार जेपिए ल्याएका छन्।

क्रमशः पृष्ठ २ मा

### सबैभन्दा धेरै गणितमा असफल

यसपटकको एसइई परीक्षामा 'नन ग्रेडेड' भएका विद्यार्थीमध्ये सबैभन्दा बढी गणितमा देखिएको छ। यसपटक गणितमा एनजी हुने विद्यार्थीको संख्या एक लाख २८ हजार २१५ जना रहेको छ। 'यसपटक गणितमै विद्यार्थीहरू कमजोर भएको देखिन्छ,' राष्ट्रिय परीक्षा बोर्डका अध्यक्ष डा. महाश्रम शर्माले भने। क्रमशः पृष्ठ २ मा

पृष्ठ १ बाट क्रमशः

## एसइई नतिजामा...

यसैगरी ३.२ जिपिएदेखि ३.६ जिपिए ल्याउने ८१ हजार ३८५ जना र २.८ जिपिएदेखि ३.२ जिपिए ल्याउने ८९ हजार १२४ जना परीक्षार्थी रहेका छन् ।

त्यसैगरी २.४ जिपिएदेखि २.८ जिपिएसम्म ल्याउने ४८ हजार ४७९ जना, दुई जिपिएदेखि २.४ जिपिए ल्याउने चार हजार १२६ जना र १.६ देखि दुई जिपिए ल्याउने आठ जना परीक्षार्थी रहेका छन् । बोर्डका अध्यक्ष शर्माका अनुसार १२६ जना परीक्षार्थीको परीक्षा रद्द गरिएको छ । एक लाख ६७ हजार ५९७ विद्यार्थी नतिजा अवर्गीकृत भएका छन् ।

### मौका परीक्षा साउन २९ मा

एसइईमा यसपटक ३८.१९ प्रतिशत अर्थात् एक लाख ६७ हजार ५९७ विद्यार्थीको नतिजा 'नन ग्रेडेड (एनजी)' आएको छ । एनजी आएकाहरूले पूरक परीक्षामा सहभागी हुन पाउने छन् । पूरक परीक्षा आगामी साउन २९ गतेका लागि तोकिएको बोर्डले जनाएको छ । सैद्धान्तिकतर्फ ७५ अंकको परीक्षामा ३५ प्रतिशत अर्थात् २७ अंक नल्याउने विद्यार्थी एनजीमा पर्ने गरेको छ ।

नतिजामा चित्त नबुझे यही असार २३ असार गतेभित्र पुनर्योगका लागि आवेदन दिन सकिने बोर्डले जनाएको छ । 'पुनर्योगका लागि परीक्षार्थीलाई अनलाइनमार्फत आवेदन गर्न सकिने व्यवस्था गरिएको छ, जसअनुसार परीक्षार्थीले आफूले पुनर्योग गर्न चाहेका विषयका लागि यस कार्यालयको वेबसाइटमा गई पुनर्योग फाराम भरी आवेदन गर्न सक्ने छन्,' बोर्डले भनेको छ ।

यसपटक एसइईको नतिजामा सुधार हुनुमा स्थानीय तहलाई जस दिइएको छ । 'स्थानीय तहबाट मिहेनत भएको छ । यसले सुधार देखाएको छ । यसमा निरन्तर जान सबैलाई हार्दिक अनुरोध गर्दछु,' बोर्डका अध्यक्ष डा. शर्माले भने । कतिपय पालिकाको ९० प्रतिशतसम्म विद्यार्थी उतीर्ण भएको उनको भनाइ छ । अघिल्लोपटक तीन प्रतिशत उतीर्ण भएको स्थानीय तहले पनि यसपटक १० प्रतिशत उतीर्ण गराउन सफल भएको शर्माले बताए । त्यसैगरी केन्द्रीय सरकारले पनि नीतिगतरूपमा सघाउँदा नतिजा सुध्रिएको उनको भनाइ छ ।

प्रधानमन्त्री ओलीले २०८१ सालको नतिजामा ७० प्रतिशत उत्तीर्ण गराउने गरी तयारी गर्न मातहतका निकायलाई निर्देशन दिएका थिए । सोहीअनुसार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले नतिजा सुधार गर्ने विषयमा अध्ययन गर्न एक कार्यदल गठन गरेको थियो । यसपटक नतिजा सुधार भएको भन्दै प्रधानमन्त्री ओलीले खुसी व्यक्त गरेका छन् । 'एसइई नतिजामा गत वर्षको भन्दा सुधार आएको छ । शिक्षकहरूलाई धन्यवाद । सफल विद्यार्थीलाई बधाइ !,' ओलीले सामाजिक सञ्जाल फेसबुकमार्फत भनेका छन् ।

■■■

## सबैभन्दा धेरै...

त्यसैगरी अंग्रेजीमा ८० हजार ६७२ जना, विज्ञानमा ७९ हजार २७१ जना विद्यार्थी एनजीमा परेका छन् । नेपालीमा ५३ हजार १८६ तथा सामाजिक विषयमा ५३ हजार १८६ जना विद्यार्थीको नतिजा एनजी देखिएको छ ।

अघिल्लो वर्ष गणितमा एक लाख ७७ हजार ९८५ विद्यार्थीको नतिजा एनजी आएको थियो । यस्तै विज्ञानमा एक लाख २६ हजार ९३३ तथा अंग्रेजीमा एक लाख एक हजार ३८३ विद्यार्थीको एनजी आएको थियो । यस्तै सामाजिकमा ७३ हजार ८७७, नेपालीमा ६९ हजार ५३२, अर्थशास्त्रमा ६९ हजार ४१६ तथा ऐच्छिक गणितमा २० हजार ३५२ विद्यार्थीको नतिजा एनजी आएको थियो ।

■■■

## श्रमिकको सुरक्षालाई ...

उनले व्यवसायी र कम्पनीबीचको दूरी, बिचौलिया नेटवर्क र नियमनको कमजोरीलाई समस्याको मूल कारणका रूपमा उल्लेख गरे । व्यवसायीहरूलाई बिचौलियाले बदनाम गराएको उनको भनाइ छ । 'हाम्रो नाममा इजाजत लिएर काम गर्ने एजेण्टहरूले ठूला कम्पनीको नाम बेचेर श्रमिक ठग्छन् । अन्त्यमा असर व्यवसायीलाई पर्छ,' अध्यक्ष पाण्डेले भने, 'व्यवसायी वैधानिक प्रक्रियाबाट काम गर्न चाहन्छ, तर बजारमा बिचौलिया, एजेण्ट, दलालको सञ्जालले गलत अभ्यास बढाउँदै लगेको र यसबाट व्यवसायमात्र होइन, श्रमिकको जीवन पनि संकटमा पर्न गएको छ ।'

समितिका उपाध्यक्ष तारानाथ अर्यालले श्रमिकको सुरक्षालाई प्राथमिकता दिनुपर्नेमा जोड दिए । उनले श्रम गन्तव्य मुलुकमा कामदारहरू सुरक्षित र सम्मानित वातावरणमा रहे नरहेको सुनिश्चित गर्न व्यवसायी, सरकार र सुरक्षाकर्मीको त्रिकोणात्मक समन्वय अपरिहार्य रहेको बताए ।

प्रहरी वृत महाराजगञ्जका प्रहरी नायब उपरीक्षक (डिएसपी) नवराज थापाले वैदेशिक रोजगारसम्बन्धी उजुरीहरू वैदेशिक रोजगार विभागभन्दा प्रहरीमा बढी दर्ता हुने गरेको बताए । 'धेरैजसो उजुरी अप्रत्यक्षरूपमा पैसा लिएको भन्ने प्रकारका हुन्छन्, जहाँ श्रमिकसँग लिखित प्रमाण हुँदैन । यस्तो अवस्थामा केस मिलाउन कानुनी प्रक्रिया कठिन हुन्छ,' उनले भने ।

डिएसपी थापाले केही केसहरूमा नक्कली भिसा, सक्कली श्रम कागज भएता पनि भित्र लुकेका असामान्य लेनदेनका कारण समस्याहरू देखिएको बताए । 'कतिपय एजेण्टहरूले श्रमिकसँग प्रत्यक्ष पैसा लिन्छन्, तर व्यवसायीको नाममा कारबाही हन्छ,' उनले भने ।

त्यस्तै, मानव बेचबिखन अनुसन्धान ब्युरोका प्रहरी वरिष्ठ उपरीक्षक कृष्णप्रसाद पंगेनीले व्यवसायीहरूलाई जिम्मेवार र मर्यादितरूपमा काम गर्न आग्रह गरे । 'श्रमिकको भविष्य व्यवसायीको हातमा हुन्छ । त्यसैले कानुनको दायराभित्र रही, श्रमिकको हितलाई प्राथमिकता दिएर काम गर्नुपर्छ,' उनले भने । उनले श्रमिकको सुरक्षालाई मानवअधिकारको विषय मानेर समग्र प्रणाली सुधारमा व्यवसायी, सुरक्षा निकाय र सरकार एकजुट हुनुपर्ने उल्लेख गरे । कार्यक्रममा वैदेशिक रोजगारीमा देखापरिरहेका समस्या, बिचौलियाको प्रभाव, कानुनी जटिलता, श्रमिकको सुरक्षा र व्यवसायीको भूमिकाबारे छलफल गरिएको थियो ।

■■■

## प्रविधिमैत्री सीपयुक्त...

उनले सूचनाको अभावमा स्वदेशी होस् वा वैदेशिक रोजगारीका लागि उपलब्ध भएका अवसरहरू पनि सही सदुपयोग गर्न नसकेको अवस्थालाई चिर्नका लागि सूचना पुऱ्याउने निकायहरूलाई सक्षम बनाउनुपर्नेमा जोड दिए ।

मन्त्री भण्डारीले श्रम मन्त्रालयले दिने सबै सेवाहरू एकीकृतरूपमा प्रवाह गर्नका लागि ७५३ स्थानीय तहबाट स्थापना गरिएको रोजगार सेवा केन्द्रमार्फत सूचना प्रवाह गर्ने काम भइरहेको बताए । श्रम मन्त्रालयबाट प्रवाह हुने सबै सेवाहरूलाई डिजिटलाइज गर्ने प्रक्रियामा अगाडि बढिरहेको उनको भनाइ छ । उनले श्रम र आप्रवासनको क्षेत्रलाई सर्वसुलभ बनाउन महत्त्वपूर्ण भूमिका खेल्ने स्वीट्जरल्याण्ड सरकार र स्वीस कन्टचाक्टलाई सहयोगका लागि आभार प्रकट गरे । उनले अगामी दिनमा पनि निरन्तर सहयोगका लागि आग्रहसमेत गरे । मन्त्री भण्डारीले नेपालमा पहिलोपटक राष्ट्रिय आप्रवासन नीति टुंगिने अवस्थामा पुगेको जानकारी गराउँदै छिट्टै मन्त्रिपरिषद्बाट पारित हुने विश्वास व्यक्त गरे ।

उक्त अवसरमा श्रम, रोजगार तथा आप्रवासन सम्बन्धमा क्षमता विकास लागि स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान, वैदेशिक रोजगार बोर्ड र हेल्भेटास नेपालबीच त्रिपक्षीय सम्झदारीपत्रमा हस्ताक्षर गरिएको छ । श्रमसचिव डा. कृष्णहरि पुष्करले तालिम र सीपको बीचमा तादाम्यता नहुने, आवश्यकता र तालिमको बीचमा पनि तादाम्यता नहुने, एकै व्यक्तिले धेरै तालिम लिएको अवस्थामा यसलाई व्यवस्थापन गर्नका लागि यस त्रिपक्षीय सम्झदारीले सहयोग विश्वास व्यक्त गरे । उनले तीनवटै संस्थाले एक अर्कालाई सहयोग, सहकार्य र प्रशंसा गर्दै श्रम आप्रवासनको कामलाई उच्च स्तरमा पुऱ्याउने आशा लिएको बताए ।

### वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशन मितिः २०८२/०३/१४**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम आ.व. २०८१/०८२ मा उत्पादन भई घाटगद्दीमा लट बनाई राखिएको साल, असना र चाँप जातको गोलिया थान २१९ को ४३२१.७० घनफिट काठ तथा साल जातको दाउरा २.५० चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

**नमुना सामुदायिक वन उपभोक्ता समूह**
**बकैया - ६, मकवानपुर**

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**

### हक दावी गर्न आउने बारेको सूचना

यस कार्यालयमा मिति २०७०/०५/१६ मा दर्ता भएको **ए वन प्रोडक्ट प्राइभेट लिमिटेड** (प्रा.लि.नं. ११५६७१) नामक कम्पनीले दर्ता खारेज गरिपाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

### दाबी विरोध सम्बन्धी
### वैदेशिक रोजगार विभाग काठमाडौँको रोजगार विभागको सूचना

*प्रकाशित मिति : २०८२/०३/१४ गते*

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त संस्था Sadhana International Pvt. Ltd. (ई.प.नं. ७१५/०६४/६५) ले यस विभाग समक्ष संस्थाको रजिष्टर्ड कार्यालयको ठेगानालाई तपसिल बमोजिम स्थानान्तरण गरी पाऊँ भनी निवेदन आएकोले उक्त प्रा.लि.को माग बमोजिम साविकको रजिष्टर्ड कार्यालयको ठेगाना परिवर्तन गर्दा कोही कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (**सात**) **दिन**भित्र यस वैदेशिक रोजगार विभागको संस्था दर्ता शाखामा उजुरी/निवेदन पेश गर्नु हुन अनुरोध छ । अन्यथा कानून बमोजिम भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**तपसिल**

| साविक ठेगाना | अब कायम हुने नयाँ ठेगाना |
|---|---|
| काठमाडौ जिल्ला टोखा नगरपालिका वडा नं.५ | काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं.९ |


### युएइमा रोजगार
कम्पनी : ALSARH RECRUITMENT SOLE PROPRIETORSHIP L.L.C
पूर्व स्वीकृति मिति : २०८२/०३/१३ | LT. No. 326399 | चलानी नं. ६०२४०२७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labourer / Building worker | 100 | 0 | 800 | २९,९१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार २१ गते (5th Jul. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

RAJ GROUP Govt Lic No:1245/073/74
Raj Group Of Company Pvt.Ltd.
Basundhara-03, Kathmandu, Nepal,
Tel: +97715903550/15904664, Email: md@rajgroupnepal.com

### साउदीमा रोजगार
कम्पनी: ABDULAZIZ AHMED AL ABDULAZIZ General Contracting Est
पुन: स्वीकृत मिति : २०८२/०३/१३ | LT. No. 326376 | चलानी नं ६०२४०२८३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load unload Worker | 10 | 0 | 1000 | ३६,६१३ | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार २१ गते (5th Jul. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने /नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोषकसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रु. २३०८/- कामदारले तिर्ने | रु. १५००/ कामदार आफैंले | नि:शुल्क | रु. ७००/- कामदारले तिर्ने | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

PANDA HUMAN RESOURCE Pvt. Ltd. License No: 1389/074/075
Sukedhara-04, Kathmandu, Nepal., Tel: 01-4370541, Cell: 9851179577, 9801013640
E-mail: info@pandanepal.com, pandahrnepal@gmail.com, Website: pandanepal.com

### मलेसियामा रोजगार
कम्पनी : SIERRA ALFA SDN. BHD.
पूर्व स्वीकृति मिति : २०८२/०३/१३ | LT. No. 326357 | चलानी नं. ६०२४०२७३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 29 | 0 | 1700 | ५४,९७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार २१ गते (5th Jul. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Gov. Lic. No. 321158/080/081
STRIKEFORCE ASIA RECRUITMENT PVT. LTD
Tokha -07, Basundhara, Kathmandu, Nepal Tel : +977-9849476159, 9869416889, 9869730362 E-mail : strikeforceasiarecruitment@gmail.com

### युएइमा रोजगार
कम्पनी : M V N Technical Services LLC
पूर्व स्वीकृति मिति : २०८१/०६/०२ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०३/१३ | LT. No. 310996 | चलानी नं. ६०२२५५६५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 4 | 0 | 1200 | ४४,८७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Electrician | 2 | 0 | 1200 | ४४,८७० | | | | | | | |
| 3 | Mason | 8 | 0 | 1200 | ४४,८७० | | | | | | | |
| 4 | Reinforce Fitter Assistant | 2 | 0 | 1200 | ४४,८७० | | | | | | | |
| 5 | Steel Fixer | 5 | 0 | 1200 | ४४,८७० | | | | | | | |
| 6 | Tile Layer | 2 | 0 | 1200 | ४४,८७० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार २१ गते (5th Jul. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SWIFT HR GROUP श्रम इजाजत नं.८०१/०६५/०६६
SWIFT H.R. GROUP AND MANAGEMENT SERVICE PVT.LTD.
Samakhusi-26, Town Planning, Kathmandu, Nepal Tel: +977-01-4985275
Mobile: 9845198993, E-mail : swifthrgroup@gmail.com

### कुवेतमा रोजगार
कम्पनी : MAJESTIC RESTAURANT MANAGEMENT COMPANY
पूर्व स्वीकृति मिति : २०८०/१०/२३ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०३/१३ | LT. No. 299517 | चलानी नं. ६०२१४४५०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 40 | 40 | 85 | ३८,१६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cook/chef Assistant | 39 | 0 | 150 | ६७,१५० | | | | | | | |
| 3 | Driver | 20 | 0 | 150 | ६७,१५० | | | | | | | |
| 4 | Security Guard | 20 | 0 | 130 | ५८,३७० | | | | | | | |
| 5 | Waiter/waitress | 30 | 30 | 150 | ६७,१५० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार २१ गते (5th Jul. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

OMEGA INTERNATIONAL
Omega International Pvt. Ltd. Govt. License No. 1352/074/075
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

**शनिबार, १४ असार, २०८२**

| | |
|---|---|
| **मेष** | सोचेको उपलब्धि तत्काल प्राप्त नहुने । |
| **वृष** | सम्भावना देखिए पनि समयमा काम नहुने। |
| **मिथुन** | कामको मेरो नमिल्दा केही अलमल्ल हुनेछ। |
| **कर्कट** | नयाँ कामको अवसर प्राप्त हुनसक्छ । |
| **सिंह** | सुखद समाचारले उत्साह जगाउनेछ । |
| **कन्या** | रोकिएका काम सम्पादन हुनेछ । |
| **तुला** | समाजिक जिम्मेवारी उपलब्ध हुनेछ । |
| **वृश्चिक** | सानोतिनो समस्याले अल्झाउन सक्छ । |
| **धनु** | प्रियजनसँग रमाइलो भेटघाट हुनेछ । |
| **मकर** | मिहिनेत गर्दा आम्दानीको स्रोत फेला पर्ला । |
| **कुम्भ** | काम गर्दा सकारात्मक संकेत प्राप्त हुनेछ । |
| **मीन** | विवादास्पद कामको जिम्मेवारी आउनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६११९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ नि:शुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| नि:शुल्क होमियो दातब्य चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ४२५५५४०/४२५५५४१ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |


## नेपाल राष्ट्र बैंक

१४ असार , २०८२ (२८ जुन, २०२५)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १३६.८४ | १३७.४४ |
| युरो | १ को | १६०.१४ | १६०.८४ |
| पाउन्ड स्टिर्लङ | १ को | १८७.६१ | १८८.४४ |
| स्विस फ्रैन्क | १ को | १७०.६७ | १७१.४१ |
| अस्ट्रेलियन डलर | १ को | ८९.४१ | ८९.८० |
| क्यानाडियन डलर | १ को | १००.०० | १००.४३ |
| सिङ्गापुर डलर | १ को | १०७.२९ | १०७.७६ |
| जापानी येन | १० को | ९.४८ | ९.५२ |
| चिनियाँ युआन | १ को | १९.०८ | १९.१७ |
| साउदी अरब रियाल | १ को | ३६.४९ | ३६.६५ |
| कतारी रियाल | १ को | ३७.५४ | ३७.७१ |
| थाई भाट | ख १ को | ४.२१ | ४.२३ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३७.२६ | ३७.४२ |
| मलेसियन रिङेट | १ को | ३२.३६ | ३२.५० |
| दक्षिण कोरियन वन | १०० को | १०.०९ | १०.१४ |
| स्विडिस क्रोनर | १ को | १४.४६ | १४.५२ |
| डेनिस क्रोनर | १ को | २१.४६ | २१.५६ |
| हङकङ डलर | १ को | १७.४३ | १७.५१ |
| कुवेती दिनार | १ को | ४४७.६७ | ४४९.६४ |
| बहराइन दिनार | १ को | ३६२.७५ | ३६४.३४ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेबसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# विपद्का बेला सामाजिक सुरक्षा प्रणाली अपनाउनुपर्नेमा जोड




काठमाडौं (प्रस)- विपद्का समयमा अग्रिम सामाजिक सुरक्षा प्रणाली अपनाउनुपर्ने एक कार्यक्रममा सहभागी वक्ताहरूले जोड दिएका छन् । सामाजिक सुरक्षा नागरिक समाज सञ्जालले बिहीबार ललितपुरमा आयोजना गरेको 'विपद् संवेदनशील सामाजिक सुरक्षाः अवस्था र आवश्यकता' विषयमा आयोजना गरेको राष्ट्रिय कार्यशालामा वक्ताहरूले सो विषयमा जोड दिएका हुन् ।

कार्यक्रमबारे जानकारी दिँदै सामाजिक सुरक्षा नागरिक समाज सञ्जालका अध्यक्ष तिलोत्तम पौडेलले विपद् र जलवायु संकटको प्रभावले आर्थिक तथा सामाजिकरूपमा पछाडि पारिएका समुदाय जस्तै गरिब, महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति र सीमान्तकृत जनसमुदायमाथि असमानरूपमा प्रत्यक्ष प्रभाव पारेको बताए ।

हालै सरकारले विपद् संवेदनशील सामाजिक सुरक्षा तथा राहत वितरण मापदण्ड-२०८१ पारित गरेको छ । 'सरकारले पारित गरेको मापदण्डको पूर्णकार्यान्वयनका लागि अझ धेरै काम गर्न बाँकी रहेको छ, जसमा कार्यविधिको संशोधन, स्थानीय सरकार र अन्य सरोकारवालाको क्षमता विकास, सूचना प्रणालीको एकीकरण तथा साझेदारी संयन्त्रको स्पष्टता आवश्यक छ,' अध्यक्ष पौडेलले भने ।

विपद् संवेदनशील सामाजिक सुरक्षा तथा राहत वितरण मापदण्ड-२०८१ केवल राहत वितरणको विषयमात्र नभएर पूर्वतयारी, सहनशीलता र सबैभन्दा जोखिममा परेका व्यक्तिको दीर्घकालीन सुरक्षाको विषय भएको उल्लेख गर्दै अध्यक्ष पौडेलले यसको सफल कार्यान्वयनले मात्र मानव केन्द्रित, न्यायसंगत र समावेशी आपत्कालीन प्रतिक्रिया दिन सक्षम हुने बताए ।

राष्ट्रिय योजना आयोगका सदस्य डा. प्रकाशकुमार श्रेष्ठले सामाजिक सुरक्षाका कार्यक्रमबाट लाभान्वित हुनेको संख्या हाल कूल जनसंख्याको करिब ३२ प्रतिशत पुगेको बताए । दिगो विकास लक्ष्य १.३ प्रतिशतले सन् २०३० सम्ममा सबैका लागि र खासगरी विपन्न तथा जोखिममा रहेका समुदायलाई समेट्नेगरी राष्ट्रिय परिवेश सुहाउँदो उपयुक्त सामाजिक संरक्षण प्रणालीको स्थापना तथा त्यसका लागि नवप्रवर्तनशील, लचिलो र प्रभावकारी प्रणालीको विकास गरी जोखिमको निरोध, न्यूनीकरण, प्रतिकार्य र क्षमता अभिवृद्धिमा जोड दिएको उनले बताए ।

यसैगरी राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणकी सहसचिव रोशनीकुमारी श्रेष्ठले 'विपद् संवेदनशील सामाजिक सुरक्षा तथा राहत वितरण मापदण्ड-२०८१' का बारेमा जानकारी दिँदै विद्यमान विपद्पीडित उद्धार तथा राहतसम्बन्धी मापदण्डले तत्काल राहत र पुनर्निर्माणमात्र समेटेकाले पुनर्लाभ तथा पुनःस्थापना पनि समेट्न, सामाजिक सुरक्षा प्रणाली परिचालन गर्न, राहत वितरणमा स्थानीय तहको मुख्य भूमिकालाई सबल बनाउन र एकद्वार प्रणाली अवलम्बन गर्न (गैससससमेत) नयाँ मापदण्ड जारी गरिएको बताइन् ।

कार्यक्रममा सांसद ईश्वरी घर्तीमगरले आपत्कालीन अवस्थामा छिटोछरितो र विपद् उत्तरदायी सामाजिक सुरक्षा प्रणालीमा रूपान्तरण गर्न आवश्यक रहेको बताइन् । सामाजिक सुरक्षा प्रणालीमा लचिलोपनमा रूपान्तरण गर्न आवश्यक रहेको उल्लेख गर्दै उनले आपत परेमा अग्रिम सामाजिक सुरक्षा प्रणाली अपनाउन आवश्यक रहेकामा जोड दिइन् ।

यसैगरी सांसद रञ्जु झाले सामाजिक सुरक्षालाई पहिलो प्राथमिकता दिनुपर्ने बताइन् । 'विपद्बाट सबैभन्दा बढी महिला, बालबालिका, ज्येष्ठ नागरिक र अपांगता भएका व्यक्ति पीडित हुने गर्छन्, त्यसैले हामी यतातिर सबैभन्दा बढी केन्द्रित हुन आवश्यक छ, यही वर्ग सबैभन्दा बढी विपद्बाट पीडित हुने भएकाले हामीले यसतर्फ ध्यान दिनु आवश्यक छ,' सांसद झाले भनिन् ।

यसैगरी सांसद तारा लामा तामाङले विपद्को राहत वितरण कार्यमा नागरिकलाई सहभागी गराउनुपर्ने बताए । सांसद पुष्पबहादुर शाहले सामाजिक सुरक्षा र विपद् जोखिम न्यूनीकरणका लागि तीनै तहको उचित समन्वय र सहकार्य जरुरी रहेको बताए । सांसद कल्पना मियाँ कुसारीले विपद्का बेलामा सबै क्षेत्र तथा निकाय संवेदनशील भएर लाग्नुपर्ने आवश्यकता रहेको उल्लेख गर्दै समन्वय पनि उत्तिकै हुनुपर्नेमा जोड दिइन् । सांसद सीता रानाले भूकम्पको समयमा कतिपयले कमाउने अवसरका रूपमासमेत लिँदा पीडित झन पीडित हुने अवस्था रहेको बताइन् ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका सहसचिव चक्रबहादुर बुढाले विपद् उद्धार तथा राहत वितरणको कार्यमा सबै निकायबीच समन्वयको आवश्यकता औंल्याए । विश्व बैंकका प्रतिनिधि ज्योति पाण्डेले विपद्को समयमा उद्धार तथा राहत वितरणमा एकीकृत प्रयास हुन आवश्यक रहेको बताए । त्यस अवसरमा सांसदहरू सूर्य ढकाल, जीवन परियार, राष्ट्रिय योजना आयोगका पूर्वसदस्य डा. रामकुमार फुयाँल, सेभ द चिल्ड्रेनका प्रतिनिधि हेमन्त दंगालगायतले सामाजिक सुरक्षाका विषयलाई विपद्का समयमा विशेष ध्यान दिन आवश्यक रहेकामा जोड दिए ।

# मातृभाषा पत्रकारितालाई प्रोत्साहित गर्नुपर्नेमा जोड




■ दिपा सुनुवार

**काठमाडौं–** मातृभाषा पत्रकारितालाई प्रोत्साहित गर्नुपर्नेमा सरोकारवालाहरूले जोड दिएका छन् । नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज)ले शुक्रबार आयोजना गरेको सञ्चारमाध्यममा मातृभाषा पत्रकारिताको अवस्था र चुनौतीबारे परामर्श कार्यक्रमका वक्ताहरूले यस्तो धारणा राखेका हुन् ।

कार्यक्रममा गोरखापत्र दैनिकका नायब कार्यकारी सम्पादक कुमार विवेकानन्द मिश्रले गोरखापत्र संस्थानमा मातृभाषा आन्दोलन र मातृभाषा पत्रकारिताको समग्र अवस्थाबारे कार्यपत्र प्रस्तुत गरेका थिए । उनले नेपाली पत्रकारिता जगतमा मातृभाषा पत्रकारिता २०४६ सालदेखि हालसम्म भएका विकासक्रम, उपलब्धि र चुनौतीहरूको समीक्षा प्रस्तुत गरे । गोरखापत्र संस्थानले २०६४ सालदेखि समावेशीतालाई प्राथमिकता दिँदै मातृभाषामा सामग्री समेटिएको बहुभाषिक प्रकाशन सुरु गरेको उनले जानकारी दिए । उनका अनुसार २०६४ साउन २४ गते गोरखापत्रमा पहिलोपटक परीक्षणका रूपमा नेपाल, तामाङ, मैथिली र गुरुङ भाषाको पृष्ठ प्रकाशन सुरु गरिएको हो ।

'प्रारम्भमा परीक्षणका रूपमा सुरु गरिएको बहुभाषिक पृष्ठ २०६४ असोजदेखि नियमित प्रकाशन हुन थाल्यो,' मिश्रले भने, 'हाल संस्थानबाट ३३ भाषामा सामग्री प्रकाशित भइरहेका छन् ।' उनले मातृभाषा पत्रकारिताबाट सांस्कृतिक र भाषिक संरक्षण, विकेन्द्रीकरण तथा संघीयताको समर्थनजस्ता सम्भावनाहरू रहेकाले सञ्चारमाध्यममा पकड बनाउन जोड दिए । सीमित स्रोत साधनले मातृभाषा कम साक्षरता भएको र बहुभाषिक लिपीमा प्रकाशनलाई निरन्तरता दिनु चुनौतीको विषय भएको उनले बताए ।

रेडियो नेपालका कार्यक्रम महाशाखा प्रमुख ताराप्रसाद वस्तीले रेडियो नेपालमा प्रसारण भइरहेको मातृभाषा समाचारबारे कार्यपत्र प्रस्तुत गरे । उनले सातवटै प्रदेशबाट विभिन्न भाषामा कार्यक्रमहरू प्रसारण भइरहेको जानकारी दिए । रेडियो नेपालमा प्रसारण गरिने भाषागत कार्यक्रमहरूलाई निरतन्तरता दिइने उनले बताए ।

नेपाल टेलिभिजनका समाचार प्रमुख पुष्पहरि क्याम्पाराईले मातृभाषा पत्रकारिताको वर्तमान अवस्था र चुनौतीबारे कार्यपत्र प्रस्तुत गरे । उनले नेपाल टेलिभिजनले समावेशी दृष्टिकोणबाट विभिन्न भाषाका कार्यक्रमहरूलाई प्राथमिकता दिएको बताए । उनका अनुसार नेपाल टेलिभिजनले नेपाल भाषा, तामाङ, गुरुङ, मैथिली, लिम्बू, थारु र डोटयाली गरी सात भाषामा कार्यक्रम उत्पादन गरिरहेको छ । राष्ट्रिय प्रसारणमा मगर, गुरुङ, तामाङ, नेपाल, लिम्बू, थारु, अवध, भोजपुरी, उर्दू, मैथिलीलगायत अन्य चार भाषासमेत गरी सामग्री प्रसारण भइरहेको जानकारी उनले दिए ।

आदिवासी जनजाति समुदायलाई सामाजिक, आर्थिक, शिक्षा क्षेत्रमा अगाडि बढाउनुपर्छ भनेर नेपाल टेलिभिजनका विषयवस्तुमा प्राथमिकता दिनुका साथै पहुँच पनि पुग्न सकोस् भनेर काम गरिरहेको उनले बताए । विविधता र समावेशीका लागि सार्वजनिक सेवा प्रसारणमा ठूला जनसंख्याका आधारमा मातृभाषाबाट सूचना प्रवाह गरिरहेको उनले बताए ।

फोनिजका अध्यक्ष लक्की चौधरीले सीमान्तीकृत समुदायलाई मूलधारमा जोड्ने माध्यम मातृभाषा भएको बताए । उनले समावेशी समाज निर्माण, सांस्कृतिक र भाषिक संरक्षण तथा परम्परागत ज्ञान पुस्तान्तरणका लागि मातृभाषा पत्रकारिता अत्यन्त आवश्यक रहेको औंल्याए । उनले मातृभाषा पत्रकारिताले भाषामा पुस्तान्तरणमा पनि सहयोग हुने भएकाले लोकसेवामा पनि समावेश गर्नुपर्नेमा जोड दिए ।

# द्वन्द्वका सबै विषय फरफारक हुनेगरी काम गर्न सुझाव

■ प्रभाव संवाददाता

**काठमाडौं–** सत्य निरूपण तथा मेलमिलाप आयोगले सशस्त्र द्वन्द्वपीडितलाई न्याय दिलाउनका लागि आवश्यक सूचना, सुझाव र सल्लाह दिएर सहयोग गर्न आह्वान गरेको छ । आयोगद्वारा शुक्रबार यहाँ आयोजित द्वन्द्वपीडित तथा सरोकारवालासँगको अन्तरक्रियामा आयोगका पदाधिकारीले पीडितले दिने लिखित वा मौखिक सूचना, प्रश्न र सुझावलाई आत्मसात् गर्ने प्रतिबद्धता जनाए ।

कार्यक्रममा द्वन्द्वपीडित कालीबहादुर विष्टले राज्य र विद्रोही दुवै पक्षबाट भएका घटनाका पीडित अन्यायमा परेकाले शीघ्र न्याय दिलाउने कार्यमा ठोस पहल र निर्णय गर्न सुझाव दिए । उनले द्वन्द्वका क्रममा आफू र आफ्ना परिवारमाथि भएको अत्याचार, दमन, कुटपिट, लुटपाट, अंगभंग, अपहरण, सम्पत्ति कब्जा र गाउँनिकालाका घटना भएको जनाउँदै पहुँच र प्रभावका आधारमा क्षतिपूर्ति उपलब्ध गराएको भनी रोष प्रकट गरे ।

पीडितका नाममा विगतमा दुईपटक सत्य निरूपण र बेपत्ता आयोगका पदाधिकारी फेरिएको उल्लेख गर्दै उनीहरूले आफूहरूले न्याय पाउन ढिलाइ भइरहेको बताए । पीडित परिवारले आयोगका नाममा राज्यको दोहन र पार्टीका कार्यकर्तालाई रोजगारी दिलाउन काममात्र भएको आरोप लगाए ।

द्वन्द्वपीडित हिरा तिवारी शर्माले देशमा कुनै विपत्ति भएमा तत्कालै केही गर्न आवश्यक परेका खण्डमा संक्रमणकाल घोषणा गर्न सकिने भए पनि दुई दशकको अवधिलाई कसरी संक्रमणकालीन अवस्था भन्न सकिएला भनी उनीहरूले प्रश्न गरे । उनले श्रीमान्लाई खाना खाने क्रममा घरबाट अपहरण गरी जंगलमा लगी हत्या गरिएको उल्लेख गरे ।

द्वन्द्वपीडित परिवारले लामो समयसम्म न्याय नपाउँदा पीडितका बीचमा पनि फूटको भावना आएको जनाउँदै विगतको घटना राजनीतिक समस्या भएकाले पीडितलाई न्यायको अनुभूति हुनेगरी क्षतिपूर्ति र परिपूरणको व्यवस्था गर्न सुझाव दिए । उनीहरूले त्यस बेलाको अवस्था र घटनाको वर्गीकरण गरी विनाभेदभाव न्यायोचित क्षतिपूर्ण र परिचयपत्रको व्यवस्था गर्न सुझाव दिए । पीडित परिवारले राज्यले द्वन्द्वपीडितका लागि खडा गरेको रकमको दुरूपयोग नगर्न तथा दुवै पक्षका पीडित नै भएकाले न्याय गलत नहोस् भनी हेक्का राख्न आग्रह गरे ।

घटनामा मारिएका, बवेपत्ता भएका, सम्पत्ति कब्जा गरिएका तथा यातना दिइएकाको बेग्लै सूची तयार गरी घटना विशेषका आधारमा न्याय दिलाउन कार्यमा ठीक निर्णयमा पुग्न आयोग पदाकिारीलाई सुझाव दिइयो । उनीहरूले ढिलो न्याय पाउनु पनि न्याय नपाउनु जस्तो हो भन्दै आयोगको वर्तमान कार्यकालमा द्वन्द्वका सबै विषय फरफारक हुनेगरी कार्य गर्न आयोग पदाधिकारीलाई सुझाव दिए ।

# निजी विद्यालय सञ्चालनसम्बन्धी व्यवस्था शिक्षा समितिबाट पारित

**काठमाडौं (प्रस)–** प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिबाट निजी विद्यालय सञ्चालन र प्रारम्भिक बाल विकास (इसिडी)सम्बन्धी व्यवस्था पारित भएका छन् । समितिको शुक्रबार बसेको बैठकमा विद्यालय शिक्षा विधेयक उपसमितिको प्रतिवेदनमाथि छलफल भएको थियो । छलफलका क्रममा निजी विद्यालय सञ्चालन र व्यवस्थापनका सम्बन्धमा यसलाई लोककल्याणकारी, सेवामूलक, गैरनाफामूलक बनाएर लैजानेगरी समितिबाट विद्यालय शिक्षा विधेयक सर्वसम्मतले पारित भएको हो ।

त्यसैगरी सामुदायिक र निजी विद्यालयमा प्रारम्भिक बाल विकास (इसिडी) मा दुई वर्षको अवधि रहने विषय पनि टुंगो लागेको छ । समितिले यी दुवै विद्यालयमा समान अवधि राख्ने सहमति गरेको हो । समितिले पूर्वप्राथमिक शिक्षालाई दुई वर्षभन्दा बढी अवधि नहुनेगरी सञ्चालन गर्न नपाउने प्रावधान सर्वसम्मतले पारित गरेको हो ।


**ह्याविट्याट पावर कम्पनी लिमिटेड**
**का.म.न.पा. ५, हाँडीगाउ, काठमाडौं को**
**विशेष साधारण सभा सम्बन्धी सूचना**
दोश्रो पटक प्रकाशित मिति २०८२/०३/१४

आदारणीय शेयरधनी महानुभावहरु,
यस ह्याविट्याट पावर कम्पनी लिमिटेडको मिति २०८२/०३/०९ गते बसेको संचालक समितिको बैठकको निर्णयानुसार यस ह्याविट्याट पावर कम्पनी लिमिटेडको विशेष साधारण सभा निम्न मिति, स्थान, र समयमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न सभा संचालन हुने भएको हुँदा कम्पनी ऐन २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी एवं उपस्थितीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**१.सभा हुने मिति, स्थान तथा समय :**
मितिः २०८२ असार २५ गते बुधबार तदनुसार (8 july 2025)
स्थानः कम्पनीको रजिष्ट्रर्ड कार्यालय, का.म.न.पा. ५, हाँडीगाउ, काठमाडौं ।
समयः बिहान ९:०० बजे ।

**२.सभामा छलफल गरिने प्रस्तावहरु :**
१) जारी पूँजी बृद्धि गर्ने बारे,
२) प्रबन्ध पत्रको दफा (६) (ख) र (ग) संशोधन गर्ने बारे,
३) जारी पूँजी बृद्धि पश्चात् हकप्रद शेयर निष्काशन गर्ने बारे,
४) सर्वसाधारण तथा स्थानियका लागि छुट्याइएको शेयर (IPO) जारी गर्ने बारे,
५) पूँजी बृद्धि, दफा तथा नियम संशोधन, हकप्रद शेयर निष्काशन गर्ने एवं सर्वसाधारण तथा स्थानियका लागि छुट्याइएको शेयर (IPO) जारी गर्ने लगायतका सम्बन्धमा नियमनकारी निकायहरुबाट कुनै पनि किसिमको फेरबदल, संशोधन एवं थपघट सम्बन्धी निर्देशन प्राप्त भएमा निर्देशन बमोजिमको कार्य गर्न संचालक समिति वा संचालक समितिले तोकेको प्रतिनिधिलाई आवश्यक सम्पुर्ण अख्तियारी प्रदान गर्ने बारे,
६) बिविध ।

**३.साधारण सभा सम्बन्धी सामान्य जानकारीहरु :**
१) विशेष साधारण सभा प्रयोजनका लागि मिति २०८२/०३/२० गते शेयरधनी पुस्तिका बन्द रहने भएकोले मिति २०८२/०३/१९ सम्म कायम रहने शेयरधनीहरुले मात्र साधारण सभामा भाग लिन पाउनेछन् ।
२) शेयरधनी महानुभावहरुको उपस्थिती पुस्तिकामा दस्तखत गर्न शेयरधनी उपस्थिती पुस्तिका बिहान ८:३० देखी विशेष साधारण सभा अवधिभर खुल्ला गरिनेछ ।
३) साधारण सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले प्रचलित कम्पनी कानुनले तोकेको ढाँचामा प्रतिनिधि (प्रोक्सी) फाराम भरी सभा सुरु हुनु भन्दा ४८ घण्टा अगावै अर्थात् मिति २०८२/०३/२३ गते बिहान ०९:०० बजे भित्र कम्पनीको रजिष्ट्रर्ड कार्यालय हाँडीगाउ काठमाण्डौंमा दर्ता गराई सक्नु पर्नेछ । एक भन्दा बढि व्यक्तिलाई प्रोक्सी दिन पाइने छैन, यसरी दिइएको पाइएमा उक्त प्रोक्सी बदर हुनेछ ।
४) प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेपछि सम्बन्धीत् शेयरधनीले प्रोक्सी फेरबदल गर्न चाहेमा यस अघि दिइएको प्रोक्सी बदर गरी यो प्रोक्सीलाई मान्यता दिइयोस् भन्ने छुट्टै पत्र सहित प्रतिनिधि (प्रोक्सी) फाराम भरी सभा सुरु हुनु भन्दा ४८ घण्टा अगावै कम्पनीको रजिष्ट्रर्ड कार्यालयमा दर्ता गराएको अवस्थामा पुरानो प्रोक्सी स्वतः बदर भएको मानि पछिल्लो प्रोक्सीलाई मान्यता दिइने छ । प्रतिनिधि नियुक्त गरे पश्चात् शेयरधनी स्वयं सभामा उपस्थित भई हाजिरी पुस्तिकामा हस्ताक्षर गरेमा निजले दिएको प्रोक्सी स्वतः बदर हुनेछ ।
५) नाबालक शेयरधनीहरुको तर्फबाट कम्पनीको शेयरधनी दर्ता किताबमा संरक्षकको नाममा दर्ता भएका महानुभावले सभामा भाग लिन वा मतदान गर्न वा प्रेक्सी नियुक्त गर्न सक्नेछन् ।
६) एक भन्दा बढि व्यक्तिहरुको संयुक्त नाममा शेयर दर्ता रहेको अवस्थामा सर्व सम्मतीबाट प्रतिनिधि चयन गरिएको एक जनाले मात्र वा शेयरधनी दर्ता किताबामा पहिलो नामा उल्लेख भएको व्यक्तिले सभामा भाग लिन सक्नेछन् ।
७) साधारण सभा सम्बन्धि थप जानकारीका लागि कम्पनीको रजिष्ट्रर्ड कार्यालय, हाँडीगाउ काठमाडौंमा कार्यालय समयमा सम्पर्क गर्नुहुन अनुरोध गर्दछौं ।

धन्यवाद ।

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**



**युएइमा रोजगार**
कम्पनी : **MADINAT ALKARAM BUILDING MAINTENANCE**
पूर्व स्वीकृति मिति : २०८२/०३/१३ | LT. No. 326319 | चलानी नं.६०२४०२४८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Mason (Nepal) | 25 | 0 | 1200 | ४४,८७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Steal Fixer | 25 | 0 | 1200 | ४४,८७० | | | | | | | |

कम्पनी : **OBAID AL QUBAISI TRANSPORTING & GENERAL CONTRACTING EST.**
पूर्व स्वीकृति मिति : २०८१/०८/१६ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०३/१३ | LT. No. 314708 | चलानी नं.६०२२९००९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Stone Mason | 25 | 0 | 1200 | ४४,८७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Building Demolition Labour | 20 | 0 | 800 | २९,९१० | | | | | | | |
| 3 | Carpenter/ Construction Carpenter | 23 | 0 | 1200 | ४४,८७० | | | | | | | |
| 4 | Tile Layer | 25 | 0 | 1200 | ४४,८७० | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असार २१ गते (5th Jul. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**All Asia Overseas Pvt.Ltd**
Ratopul, Gaushala-7, Kathmandu, Nepal
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com
श्रम ईजाजत नं. १३०५/०७४/०७५



**We are Hiring!! (Urgent)**

**Travel Consultant**

With nearly 3 decades of crafting unforgettable travel experiences, Adventure World Trails & Travels is recognized as one of Nepal's premier travel agencies and Destination Management Companies. If you have a passion for adventure, exceptional communication skills, and a proven ability to manage projects and coordinate with diverse stakeholders, we invite you to apply!

**Position:** Travel Consultant
**Required number:** 1
**Job Description:**
1. Assist in the development, planning, and coordination of diverse adventure tours, treks, and travel packages.
2. Provide essential administrative support, including scheduling, event coordination, and facilities oversight to maintain efficient back-office operations.
3. Prepare comprehensive travel documents, proposals, and presentations using various technical tools.
4. Conduct thorough research otn destinations, logistics, and emerging travel trends to enhance our offerings.

**Required Qualifications and Experiences:**
1. Bachelor's degree in Business, Finance, or a related field;
2. At least 2 years of professional experience in customer-facing roles, project coordination, administrative roles;
3. At least 2 years of experience in related field in foreign jurisdiction;
4. Proven ability to conduct detailed research, manage multiple tasks, and maintain strong organizational practices;
5. Demonstrated leadership abilities, strong interpersonal skills, and a collaborative team player mindset; and
6. Strong English language proficiency, both written and verbal, through high-level academic and professional experiences.

**Selection Method:**
1. Shortlisting of candidates based on their resume and experience.
2. Further selection process may include interviews.

**Interested and qualified candidates may send an updated resume with a passport sized photograph to Human Resources Department at advworldnepal@gmail.com latest by (10th July 2025).**

सयौं वर्ष पुरानो इँटाको मन्दिर, इनार र खुला डाँडामा रहेको देव हाटजस्ता चिजले राजाजी डाँडाको धार्मिक र सांस्कृतिक महत्त्वलाई अझै बलियो बनाएको छ । जहाँ स्थानीय बासिन्दा पूजापाठ, भाकल, देवता पूजाजस्ता धार्मिक गतिविधिमा सहभागी हुन्छन् । स्थानीय जनविश्वासअनुसार संकटका बेला यहाँको देवता राजाजी बाबालाई पुकार्दा कल्याण हुन्छ, चिताएको पूरा हुन्छ ।

प्रेमको प्रतीक भई नयाँ वर्षका दिनमात्र फुल्ने माला आकारका सुनाखरी फूल हेर्न र मन्दिरमा पूजापाठ गर्न ऐतिहासिक धार्मिक पर्यटकीय क्षेत्र सलहेस फूलबारीमा वैशाख १ गते भव्य मेला लाग्ने गर्दछ । लहान नगरपालिका वडा नं १२ र २२ मा पर्ने यस फूलबारीमा हरेक वर्ष वैशाख १ गते फुल्ने सुनाखरी फूललाई सलहेस बाबा र मालिनीको मिलनको प्रतीक मानिन्छ ।



## राजाजी डाँडाबाट सलहेस सर्किटसम्म

# लहानको नयाँ पर्यटकीय सपना

**सुदिउ राउत**/सिरहा

लहान नगरपालिका-१६ मा अवस्थित राजाजी डाँडा अब केवल एउटा धार्मिकस्थल मात्र होइन, एक ऐतिहासिक चेतनाको प्रतीक र पर्यटकीय सम्भावना बोकेको स्थलका रूपमा परिचित हुन थालेको छ । स्थानीयवासीको अपेक्षा, धार्मिक आस्था र नगरपालिकाको योजनाबीचको समन्वयले राजाजी डाँडा एकीकृत धार्मिक पर्यटकीय केन्द्रका रूपमा विकास हुन थालेको हो ।

सयौं वर्ष पुरानो इँटाको मन्दिर, इनार र खुला डाँडामा रहेको देव हाटजस्ता चिजले राजाजी डाँडाको धार्मिक र सांस्कृतिक महत्त्वलाई अझै बलियो बनाएको छ । जहाँ स्थानीय बासिन्दा पूजापाठ, भाकल, देवता पूजाजस्ता धार्मिक गतिविधिमा सहभागी हुन्छन् । स्थानीय जनविश्वासअनुसार संकटका बेला यहाँको देवता राजाजी बाबालाई पुकार्दा कल्याण हुन्छ, चिताएको पूरा हुन्छ ।

लहान-१६ का वडाध्यक्ष गडुलबहादुर जर्घामगरका अनुसार पौराणिककालमा यस डाँडामा राजाको दरबार रहेको र यहींबाट राजकाज सञ्चालन हुने गर्थ्यो भन्ने किंवदन्ती रहेको मानिन्छ । अहिले जनविश्वासमा रहेका राजा सलहेस, वस्तुतः त्यही दरबारका प्रधानमन्त्री थिए । 'सलहेसका गुरु नै राजाजी थिए । जसको नाममा आज यो डाँडालाई चिनिन्छ । यही भाष्य नै जनमानसमा व्याप्त रहेको छ । यसलाई विश्वास पनि गरिन्छ र त्यसको विश्वासिलो आधार पनि भेटिन्छ,' वडाध्यक्ष जर्घामगर बताउँछन् ।

स्थानीय वृद्धहरूका कथनअनुसार यो डाँडामा पहिले इँटाका ठूलाठूला पर्खाल थिए, जुन सयौं वर्ष पुराना हुन् । 'हामीले थाहा पाउँदासम्म हजुरबुबाको पालादेखि त्यस्तै थियो,' ७३ वर्षीय वडाध्यक्ष गर्जामगर सम्झिन्छन् । उनका अनुसार कसले र कहिले निर्माण गऱ्यो भन्नेमा अझै स्पष्टता छैन, जसकारण यसलाई पौराणिककालदेखिको संरचना मानिन्छ । कुनै लिखित दस्तावेज नभए पनि उनीहरूको कथा, कर्मकाण्ड तथा पुस्तौंदेखि चलिआएको पूजा परम्पराले यसको पौराणिक पक्षलाई स्पष्ट पार्दछ ।

आज पनि ती पुराना इँटा यथावत् छन्, तर संरक्षणको अभावमा अवस्था दिनप्रतिदिन जीर्ण हुँदै गएका छन् । यति पुरानो संरचना र वस्तुको अनुसन्धान पुरातत्त्व विभागले यथाशीघ्र प्रक्रिया अघि बढाउनुपर्ने वडाध्यक्ष गर्जामगरको मत छ । 'दुर्भाग्यवश, ऐतिहासिक महत्त्व हुँदाहुँदै पनि यस क्षेत्रको प्रचारप्रसार नहुँदा यो सम्पदा लामो समयसम्म ओझेलमा रह्यो । अहिले भने स्थानीय तहको पहलमा यस क्षेत्रको विकासले गति लिन थालेको छ । हालै २५ लाख रूपैयाँ लागतमा राजाजी डाँडामा गहवर मन्दिर निर्माण भइसकेको छ, जसले पर्यटकलाई थप आकर्षण गर्ने विश्वास लिइएको छ,' उनले भने ।

राजाजी डाँडाको संरचना, सलहेससँगको सम्बन्ध र यसको पुरातात्त्विक सम्भावनाले यसलाई केवल सिरहा जिल्लाको मात्र होइन, सम्पूर्ण तराईको सांस्कृतिक र ऐतिहासिक धरोहर बनाउने सम्भावना देखिएको छ । पहिले यहाँ पुग्नका लागि एक घण्टाभन्दा बढी पैदल उकालो चढ्नुपर्ने बाध्यता थियो । चुरे उकाली-ओराली पार गर्दै, श्रद्धालुहरू हरेक वर्ष असारमा असारी पूजा गर्न राजाजी डाँडा पुग्थे ।

यसबीचमा स्थानीयको विश्वास र आस्थालाई धार्मिक पर्यटकीय क्षेत्रका रूपमा विकास गर्न सकिने सम्भावना देखिन थालेपछि पहिलोपटक २०७८ सालमा निवर्तमान नगरप्रमुख मुनि साहको नेतृत्वमा डाँडासम्मको ट्र्याक खोलिएको थियो । त्यसपछि चुरे फेदमा रहेको झिझरी खोला पार गरेर झण्डै पाँच किलोमिटर चुरेको उकालो हुँदै राजाजी डाँडासम्म मोटर पुग्न थालेको हो । जसले गर्दा स्थानीयलाई धार्मिक पूजापाठ गर्नलाई सहज बनाएको छ । स्थानीय देवेन्द्र यादव भन्छन्, 'डाँडासम्म जाने मोटरबाटो बन्छ भनेर कहिल्यै सोचेका थिएनौं । अहिले ट्र्याक खुलेपछि अब बुबाआमासँगै सजिलै डाँडा पुगिन्छ । यस बाटोलाई अझ सुधार गरी व्यवस्थित गरे झन् सहज हुने थियो । आन्तरिक पर्यटनको पनि विकास हुने थियो ।'

लहानस्थित पूर्व-पश्चिम राजमार्गबाट करिब १५ किलोमिटर उत्तर चुरे क्षेत्रको उच्च बिन्दुमा अवस्थित राजाजी डाँडाबाट सिरहा, सप्तरी र उदयपुरका विभिन्न भूभागका समथल फाँट र भूदृश्यहरूको मनोरम दृश्य देख्न सकिन्छ । यहाँबाट देखिने हरियाली, खेतबारी, गाउँबस्ती र फाँटहरूको सम्मिश्रित दृश्यले जोकोहीलाई मोहित तुल्याउँछ । विशेषगरी गर्मीको समयमा उखरमाउलो तातोबाट राहत खोज्न मानिस यहाँ पुग्ने गर्छन् । सबैभन्दा नजिकको उच्च बिन्दु भएकाले राजाजी डाँडा आन्तरिक तथा बाह्य पर्यटकको रोजाइमा पर्ने देखिन्छ ।

> राजाजी डाँडा आज आस्था, इतिहास र पर्यटनको त्रिवेणी बन्दै गएको छ । समयमै संरक्षण र प्रवर्द्धन गर्न सकिए यो स्थल मधेस प्रदेशकै प्रमुख पर्यटकीय गन्तव्य बन्नेमा कुनै शंका छैन । त्यसैले राजाजी डाँडालाई धार्मिक र पर्यटकीय हब बनाउने हाम्रो दीर्घकालीन योजना हो ।
>
> **महेशप्रसाद चौधरी**
> प्रमुख, लहान नगरपालिका

यस अपूर्व सम्भावनालाई ध्यानमा राख्दै लहान नगरपालिकाले यसको पूर्वाधार विकासलाई प्राथमिकता दिएको छ । नगरप्रमुख महेशप्रसाद चौधरीका अनुसार चालु आर्थिक वर्षमा राजाजी डाँडामा २५ लाख रूपैयाँ लागतमा नयाँ गहवर मन्दिर निर्माण सम्पन्न भइसकेको छ भने आगामी आव २०८२/८३ मा झिँझरी खोलाबाट राजाजी डाँडासम्मको बाटोमा पैदल हिँडेर पुग्न चाहनेका लागि सिँढी निर्माण गर्न थप बजेटको व्यवस्था गरिने योजना बनाइएको छ । नगरप्रमुख चौधरी भन्छन्, 'राजाजी डाँडा आज आस्था, इतिहास र पर्यटनको त्रिवेणी बन्दै गएको छ । समयमै संरक्षण र प्रवर्द्धन गर्न सकिए यो स्थल मधेस प्रदेशकै प्रमुख पर्यटकीय गन्तव्य बन्नेमा कुनै शंका छैन । त्यसैले राजाजी डाँडालाई धार्मिक र पर्यटकीय हब बनाउने हाम्रो दीर्घकालीन योजना हो ।'

राजाजी डाँडा आज एक स्थान, अनेक सम्भावना बोकेको थलो बनेको छ । धार्मिक आस्था, ऐतिहासिक गौरव, सांस्कृतिक धरोहर र प्राकृतिक सौन्दर्यको अनुपम संगम बनेको छ । यसलाई संरक्षण र प्रवर्द्धन गर्न सके भविष्यमा प्रदेशस्तरको प्रमुख पर्यटकीय गन्तव्य बन्न सक्ने प्रबल सम्भावना बोकेको छ । यसै हप्ताको आइतबार उक्त राजाजी डाँडा पुगेर कुँदिएको शिलालेखको उद्घाटन गरी नेपाली झण्डा फर्फराउँदै नगरप्रमुख चौधरीले भने, 'राजाजी डाँडालाई मात्र होइन, लहानको सलहेस फूलबारी, ब्रह्मानस्थान, मानिक दह, देवी दह, हात्ती दहसँग जोडेर सलहेस सर्किट निर्माण गर्ने हाम्रो गुरुयोजना छ ।'

यस योजनाअनुसार सलहेसले फूलबारीमा फूल टिप्ने, मानिक दहमा स्नान गर्ने, ब्रह्मानस्थानमा कुस्ती खेल्ने, पकडिया गढमा न्याय दिने र अन्न भण्डारण गर्ने तथा गर्मीको समयमा राजाजी डाँडामा शीतल हावा लिने कथालाई आधार बनाइन्छ । 'यी सबै धार्मिक कथन र स्थानलाई जोडेर लहानलाई पर्यटकीय नगर बनाउन सकिन्छ । त्यसकै लागि अब संरचनागत विकास सुरु गरिएको हो,' नगरप्रमुख चौधरीले भने । चुरे क्षेत्रको डाँडामा विकासको पाइलासँगै प्राकृतिक सन्तुलन र सांस्कृतिक संरक्षणलाई ध्यानमा राख्नु आवश्यक छ ।

स्थानीय जनआस्था, मौलिक कथन, धार्मिक अभ्यास र पर्यटकीय सम्भावनाको संगम रहेको यो क्षेत्रलाई सन्तुलित विकासमार्फत नेपालकै उदाहरणीय धार्मिक-पर्यटकीय गन्तव्य बनाउन सकिन्छ भन्ने विश्वास नगरपालिकाले लिएको छ । सलहेससँग जोडिएको पौराणिक कथा, पुराना संरचना र चुरे क्षेत्रको प्राकृतिक सौन्दर्यतालाई जोडेर यसलाई अद्वितीय बनाएको छ । पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल नेतृत्वको सरकारले घोषणा गरेको बृहत् सलहेस पर्यटकीय क्षेत्रअन्तर्गतका सलहेस फूलबारी, पकडियागढ, देवीदह र ब्रह्माण फूलबारी सांस्कृतिक सम्पदाभित्र सूचीकृत गरिसकिएको छ । यी सम्पदाको संरक्षण र प्रवर्द्धनमार्फत यस क्षेत्रको सांस्कृतिक पुनर्जागरण, मौलिक संस्कृतिको यात्रा र स्थानीय पहिचानको पुनर्निर्माणको अवसर देखिएको छ ।

### सलहेस फूलबारी

प्रेमको प्रतीक भई नयाँ वर्षका दिनमात्र फुल्ने माला आकारका सुनाखरी फूल हेर्न र मन्दिरमा पूजापाठ गर्न ऐतिहासिक धार्मिक पर्यटकीय क्षेत्र सलहेस फूलबारीमा वैशाख १ गते भव्य मेला लाग्ने गर्दछ । लहान नगरपालिका वडा नं १२ र २२ मा पर्ने यस फूलबारीमा हरेक वर्ष वैशाख १ गते फुल्ने सुनाखरी फूललाई सलहेस बाबा र मालिनीको मिलनको प्रतीक मानिन्छ । पुराना किंवदन्तीअनुसार यो फूलबारी सलहेसको दरबार क्षेत्रभित्र पर्थ्यो । अहिले पनि यहाँ लाखौं श्रद्धालु भेला हुने फूलबारी मेला लाग्छ, जसले यसलाई जीवित सांस्कृतिक सम्पदाका रूपमा चिनाउँछ ।

फूलबारी मेला तराईको मौलिक सांस्कृतिक सम्पदाको जीवित उदाहरण हो, जहाँ लाखौं श्रद्धालु जम्मा हुन्छन् । यसको संरक्षण र प्रवर्द्धनले स्थानीय पहिचान र सांस्कृतिक गर्वलाई अझ बलियो बनाउन सक्ने छ । सलहेस तराईका पासवान जातिको इष्टदेव रहेको र चौधौं शताब्दीका लोकनायक भएकाले सलहेसको पूजाअर्चना गर्नाले सन्तानप्राप्ति, चर्मरोग, कुष्ठरोगलगायत समस्या हरण हुने जनविश्वास पनि छ ।

### पकडियागढ

लहान नगरपालिका-१८ मा अवस्थित पकडियागढ ऐतिहासिक, धार्मिक र सांस्कृतिक दृष्टिले महत्त्वपूर्णस्थल हो, जुन सलहेस सर्किटअन्तर्गत पर्दछ । हरेक वर्ष वैशाख २ गते यहाँ लाग्ने मेलामा नेपालका विभिन्न भूभागसहित छिमेकी भारतबाट पनि हजारौं दर्शनार्थी भेला हुने गर्छन् ।

क्रमशः पृष्ठ ५ मा

# फेरिएको लोपोन्मुख वनकरियाको जीवनशैली

**अञ्जली थापा**/हेटौंडा



मकवानपुरको मनहरी गाउँपालिकामा बसोबास गर्ने अतिलोपोन्मुख वनकरिया केराको पातको छानाबाट जस्तापाताको छानाहुँदै अहिले बिस्तारै पक्की घरमुनि बास बन्न थालेका छन् । शिक्षा, महिला सशक्तीकरण र उद्यम विकासले २० वर्ष अगाडिसम्म कन्दमूलका भरमा फिरन्ते जीवन बिताइरहेको वनकरियाको जीवनशैली र बसोबासमा परिवर्तन ल्याएको हो । घरवरपर पाइने कच्चा पदार्थ एवं जडीबुटीको प्रयोगबाट उद्यमी बन्नुभएकी ४० वर्षीया सुन्तली वनकरियाको हाल एकतले पक्की घर छ । उनका दुई छोरा विद्यालय जान्छन् भने उनी पनि दिनभर साबुन बनाउनमा व्यस्त हुन्छिन् ।

प्राकृतिक स्रोत महिला अधिकार समूह मनहरी-४ की अध्यक्षसमेत रहेकी उनलाई उद्यमी बन्न ग्रिन फाउन्डेसन नेपाल नामक संस्थाले सिकाएको बताउँछिन् । 'पहिला बोल्नसमेत डर लाग्थ्यो, आजकल आफ्नो उत्पादनको विज्ञापन गर्न सक्ने भएकी छु' उनी भन्छिन्, 'साबुन बनाउने तालिममात्र होइन कतिमा उत्पादन गर्ने, अनि कतिमा बिक्री गर्ने र कसरी प्रचार गर्नेसमेत तालिम दिएकाले सक्षम भएकी हुँ ।' उनको समूहमा २१ जनाले साबुन उत्पादन गरिरहेका छन् । आम्दानीसँगै जीवनशैली परिवर्तन भएको बताउँदै उनी अहिले वनको कन्दमूल रहरले खाने गरेको बताउँछिन् ।

त्यसैगरी ७० वर्षीय हस्तबहादुर वनकरिया हाल खेतीबाट छ महिना खान पाउने र बाँकी समय अन्य कामसँगै साबुन व्यापारले राम्रो भएको बताउँछन् । कन्दमूल खोज्ने र माछा मारेर जीवन धान्ने गरेका उनी करिब २० वर्ष अगाडिबाट बस्तीमा बस्न थालेका हुन् । हाल खेतीमा व्यस्त बन्ने गरेका छन् । त्यसैगरी माया वनकरिया पनि खेतीसँगै साबुन उत्पादनमा लागेको बताउँछन् । साबुन उत्पादनले उनलाई जीवन धान्न सजिलो बनाइदिएको छ ।

बस्तीका महिलाले खोला किनार र वनमा खेर गइरहेको तीतेपाती र निमबाट साबुन बनाएर बेचिरहेका छन् । वनमा आधारित जीवनयापन भएका उक्त जातिका लागि मसिने शान्ति सामुदायिक वन बफर्जुन क्षेत्रमा परिणत भएसँगै खेर गइरहेका तीतेपातीको प्रयोग गरेर उद्यमी बन्न प्रेरित भएका हुन् ।

### उद्यम विकासले आम्दानी भए पनि यथावत् समस्या

सन्तोषी वनकरिया आफ्नो जाति भूमिपूजक भएर पनि जग्गाधनीपुर्जा नपाएकामा दुःख व्यक्त गर्दै सरकारले भूमिहीन बनाउन नमिल्ने बताउँछिन् । वि.सं. २०६२ मा २० वर्षका लागि दिइएको कागजको समय गत वैशाखमा सकिएको छ । हाल समय सकिएको जग्गामा बसिरहेको र उक्त जग्गामा अधिकार नभएको उनको भनाइ छ । उनी भन्छिन्, 'मैले साबुन उत्पादन गर्ने सीप सिकेको थिएँ, जानेको सीपको प्रयोग गरेर व्यवसायी बनौं न त भन्दा लालपुर्जा नभएर प्यान दर्ता गर्न पाइनँ, व्यवसाय दर्ता गर्न नै नपाएपछि तीन महिना काम रोकियो, वडाध्यक्षले आफ्नो जग्गा राखेर उद्योग दर्ता गर्ने वातावरण बनाइदिनुभयो, सधैं हामी यसरी नै कतिञ्जेल चल्ने ?' उनलाई हाल चिन्ता भनेको जग्गामाथिको स्वामित्वमा रहेको छ ।

> स्थानीय संगीता वनकरिया आफ्नो समुदायका लागि भत्ता होइन, रोजगारी चाहिएको बताउँछिन् । लालपुर्जा र रोजगारी भए सरकारले दिएको भत्ताभन्दा बढी हुने उनले बताइन् । राज्यले दिने भनेको निःशुल्क शिक्षासमेत नपाएकामा उनले दुःख व्यक्त गरिन् ।

त्यसैगरी, स्थानीय संगीता वनकरिया आफ्नो समुदायका लागि भत्ता होइन, रोजगारी चाहिएको बताउँछिन् । लालपुर्जा र रोजगारी भए सरकारले दिएको भत्ताभन्दा बढी हुने उनले बताइन् । उनी भन्छिन्, 'सरकारले वनकरियाका बालबालिकालाई १ देखि १० कक्षासम्म निःशुल्क पढाइदिएको भन्छ । तर हाम्रो बालबालिकाको महिनैपिच्छे हामीले फि बुझाइरहेका छौं । यसका लागि हामीले कसलाई भन्नुपर्ने हो ?,' उनले राज्यले दिने भनेको निःशुल्क शिक्षासमेत नपाएकामा दुःख व्यक्त गरिन् । उनलाई पनि सन्तोषीलाई जस्तै जग्गाको चिन्ता छ ।

वनकरिया जाति मकवानपुरमा मात्र बसोबास गर्ने लोपोन्मुख जाति हो । वनकरियाहरू मनहरी गाउँपालिका-४ ट्वांग्रा खोला नजिकै सानो बस्तीमा केही दशकअघिदेखि मात्र घर बनाएर बस्न थालेका हुन् । त्यो बस्तीलाई वनकरिया बस्ती भनेर चिनिन्छ । गाउँमा बस्नुअघि उनीहरू चुरे जंगलमा बस्थे भने हाल २१ घरधुरीमा ८३ जनाको संख्यामा वनकरिया रहेको छ । केही दशक अघिसम्म चुरे जंगलमै बसेर कन्दमूल खोजेर, माछा मारेर र वन्यजन्तुको सिकार गरेर जीविका चलाउने वनकरियाहरूको जीवनशैली फेरिएको छ ।

पछिल्लो वर्षमा सरकारले वनकरिया समुदायलाई जनही मासिक चार हजार सामाजिक सुरक्षाभत्ता थालेपछि यिनीहरूको आर्थिक अवस्थामा सुधार आएको छ । अठार वर्षदेखि सुकुम्बासीका रूपमा मकवानपुरको मनहरी-४ मुसेधापमा बसोबास गर्दै आएका लोपोन्मुख वनकरियाको आफ्नो नाममा जग्गा छैन । अल्पसंख्यक वनकरियाले जंगलमा फिरन्ते जीवन बिताउँदा कष्ट भएको भन्दै २०६२ सालदेखि यहाँको कबुलियती वनमा नेपाल सरकारले नै बस्न दिएको हो । यही बसोबास गरेकै स्थानमा सामूहिक लालपुर्जा माग गर्दै आएका छन् । मुसेधापमा अहिले २५ घरपरिवारमा ९३ जना वनकरिया बसोबास गर्दै आएका छन् ।

नेपालका लोपोन्मुख १० जातिमध्ये 'वनकरिया' एक हो । विसं २०५९ मा लोपोन्मुख आदिवासी जनजातिका रूपमा 'वनकरिया' जाति सूचीकृत भएको हो । करिब दुई दशकअघिसम्म वनजंगलमा फिरन्ते भएर जीवन गुजार्ने यो जातिका मानिस अहिले मकवानपुर मनहरि-४ वनकरिया बस्तीमा बस्छन् । *रासस*




**गहवामाई रथयात्रा** | पर्साको वीरगञ्जमा शुक्रबार सुरु भएको गहवामाईको तेस्रो रथयात्रामा सहभागीहरू । *तस्बिरः हिमाल लम्साल/रासस*

# रित्ता कक्षाकोठा रुँगेर बस्दै गाउँका शिक्षकहरू

■ **सन्तोष गौतम**

**म्याग्दी–** विद्यार्थी नभएपछि बेनी नगरपालिका-५ माथिल्लो गाजनेको जगन्नाथ आधारभूत र वडा नं १० को ओखले आधारभूत विद्यालय शैक्षिकसत्र २०८२ देखि बन्द भए ।

शैक्षिकसत्र २०८० मा १०२ र २०८१ मा ७२ जना विद्यार्थी रहेको वि.सं. २०१५ मा स्थापना भएको भानु माविमा पछिल्लो केही वर्षयता विद्यार्थी संख्या निरन्तर घट्दो छ । कक्षा १२ सम्मको पठनपाठन हुने बेनी नगरपालिका-१ रत्नेचौरको भानु माविमा कक्षा ११ र बालकक्षासहित शैक्षिकसत्र २०८२ को विद्यार्थी संख्या ४८ जना छ । प्रधानाध्यापक दिनेश बोगटीका अनुसार कक्षा १ र ३ मा विद्यार्थी संख्या शून्य छ ।

कक्षा ४ सम्मको पठनपाठन हुने बेनी नगरपालिका-१ लामगरामा रहेको युवावर्ष आधारभूत विद्यालयको २, ३ र ४ कक्षामा नयाँ शैक्षिकसत्र २०८२ मा भर्ना हुन आउने विद्यार्थीको संख्या शून्य छ । चार शिक्षक र कर्मचारी भएको उक्त विद्यालयको बालकक्षामा चार र कक्षा १ मा तीन जना विद्यार्थी छन् । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष भविराम थापाका अनुसार २०४१ सालमा स्थापना भएको युवावर्ष आधारभूतमा दशकअघिसम्म १०० जनासम्म विद्यार्थी हुन्थे ।

बेनी नगरपालिका-२ खबराको हंशबाहिनी आधारभूत विद्यालयमा शिक्षक, कर्मचारी र विद्यार्थीको संख्या बराबर छ । दुई जना दरबन्दीका शिक्षक, एक-एक जना बालविकास सहयोगी र कार्यालय सहयोगी रहेको विद्यालयमा विद्यार्थी संख्या चार छ । कक्षा ३ सम्म पठनपाठनको अनुमति पाएको विद्यालयको कक्षा २ मा एकजना पनि विद्यार्थी छैनन् ।

बालकक्षामा दुई, कक्षा १ र ३ मा एक-एक जना विद्यार्थी छन् । प्रअ सरस्वती नेपालीका अनुसार २०८० सालसम्म ७ कक्षासम्मको पठनपाठन भएको विद्यालयमा विद्यार्थी संख्या ५१ जना थियो । गत शैक्षिकसत्र २०८१ को सुरुमा २२ विद्यार्थी भएको विद्यालयमा बर्खे बिदापछि ११ जनाले विद्यालय परिवर्तन गरे ।

भानु मावि, युवावर्ष, हंशबाहिनी, जगन्नाथ र ओखले आधारभूत विद्यार्थी अभावको समस्या झेलिरहेका बेनी नगरपालिकाको ग्रामीण क्षेत्रका विद्यालयका उदाहरण हुन् । सुविधायुक्त भवन, दरबन्दीअनुसार स्थायी शिक्षक, विज्ञान, कम्प्युटर प्रयोगशाला र पुस्तकालय भएका सदरमुकाम बेनीबजार आसपासका सामुदायिक विद्यालयमा विद्यार्थी संख्या बर्सेनि घट्दो छ ।

जन्मदर घट्नु, बसाइँसराइ बढ्नु, सडक यातायातको सुविधासँगै निजी विद्यालयले गाउँगाउँमा गाडी पठाएर विद्यार्थी ओसार्नु, सामुदायिक विद्यालयले अभिभावकको विश्वास जित्न नसक्नु, निजी विद्यालय र अंग्रेजी माध्यमप्रतिको मोह, सामुदायिक विद्यालयमा बढ्दो राजनीतिक हस्तक्षेप, शिक्षक जिम्मेवार नबन्नु र अगुवा तथा समाजको बेवास्ताका कारण सामुदायिक विद्यालय विद्यार्थीविहीन हुने अवस्था आएको बेनी नगरपालिकाको शिक्षा शाखाका उपसचिव क्षेत्रबहादुर भण्डारीले बताए ।

बेनी नगरपालिकामा ११ वटा संस्थागत र ५३ वटा सामुदायिक विद्यालय छन् । शैक्षिक अभिलेख प्रणालीको तथ्यांकानुसार बेनीका विद्यालयमा पछिल्लो तीन वर्षयता भर्ना हुने विद्यार्थीको संख्या घट्दो छ । शैक्षिकसत्र २०८० मा १० हजार ८२५ विद्यार्थी रहेकामा शैक्षिकसत्र २०८१ मा यो संख्या घटेर १० हजार ५५० मा झर्‍यो । शैक्षिकसत्र सुरू भएको करिब तीन महिनामा बेनीका विद्यालयमा भर्ना हुने विद्यार्थीको संख्या सात हजार ८२८ रहेको बेनी नगरपालिकाको शिक्षा अधिकृत कमल ढकालले बताए । बालकक्षामा स-साना उमेरका बालबालिकालाई अक्षर चिनाउन र बानी पार्न ल्याउने अभिभावकले अक्षर चिन्न थालेपछि निजी विद्यालय र अन्यत्र लैजाने गरेको गुनासो शिक्षकहरूले गरेका छन् ।

'दुःख गरेर अक्षर चिन्ने बनाएपछि अभिभावकले निजी विद्यालय र अन्यत्र बच्चा लगिदिँदा मन खिन्न हुन्छ,' भानु माविका प्रअ दिनेश बोगटीले भने, 'सामुदायिक विद्यालय पढ्ने अधिकांश विपन्न र दलित समुदायका छन् ।' उक्त विद्यालय बेनी नगरपालिकाको सबैभन्दा थोरै विद्यार्थी भएको मावि हो । जहाँ हाल दलित समुदायका १९, ब्राह्मण क्षेत्रीका आठ र जनजातिका ११ विद्यार्थी छन् । बेनी नगरपालिकामा रहेका अन्य सामुदायिक विद्यालयको जातिगत विद्यार्थी संख्या भानु माविको जस्तै छ ।

सदरमुकाम बेनीबजारमा रहेको प्रकाश माविमा सबैभन्दा बढी ७३२ जना विद्यार्थी छन् । त्यसपछिको बढी विद्यार्थी बेनी सामुदायिकमा ६३७ जना छन् । बेनी नगरपालिका-९ गलेश्वरमा रहेको जडभरत संस्कृत मावि र वडा नं ५ भिरमुनिको पौलत्स्य मावि पनि १०० जनाभन्दा कम विद्यार्थी संख्या भएका माध्यमिक विद्यालय हुन् । जिल्लाभरका विद्यार्थीले पढ्ने प्रकाश र बेनी सामुदायिक माविको मावि तहको तुलनामा आधारभूत १-५ तहमा विद्यार्थी संख्या कम छ । कक्षा ७-८ सम्म निजी विद्यालय पढाउने र ९-१० पढाउन सामुदायिकमा ल्याउने चलन रहेको प्रकाश माविका प्रअ लेखबहादुर हमालको भनाइ छ ।

अंग्रेजी माध्यमबाट पठनपाठन गराउने, विद्यार्थीमैत्री शिक्षण विधि अपनाउने, अभिभावकसँग निरन्तर अन्तर्क्रिया गर्ने, पोसाक, सरकारले दिनेबाहेक पनि विभिन्न विधामा छात्रवृत्ति, पोशाक उपलब्ध गराएर आकर्षित गर्ने प्रयास गरेका सामुदायिक विद्यालयले अभिभावकको विश्वास जित्न र निजी विद्यालयसँग प्रतिस्पर्धा गर्न सकेका छैनन् ।

सामुदायिक विद्यालयका सुविधायुक्त कक्षाकोठा खाली छन् । खेलमैदान सुनसान छन् । शिक्षकहरूले रित्ता कक्षाकोठा रुँगेर बसेका छन् । बेनी नगर कार्यपालिकाअन्तर्गत सामाजिक विकास समितिका संयोजकसमेत रहेका वडा नम्बर ९ का अध्यक्ष चक्र केसीले समुदाय, अभिभावक र विद्यालयबीचको बढ्दो दूरी नै सामुदायिक विद्यालयको शैक्षिक सुधारको चुनौती बनेको बताए ।

'शिक्षकहरूलाई जिम्मेवार बनाउन यस वर्षदेखि १६ वटै माविमा विद्युतीय हाजिरी सुरू गरेका छौं,' उनले भने, 'जनप्रतिनिधि, सरकारी सुविधा लिने कर्मचारी र शिक्षकहरूका छोराछोरी सामुदायिक विद्यालयमा पढाउने गत वर्ष कार्यपालिकाले गरेको निर्णय आंशिकमात्र कार्यान्वयन भएको छ ।' उक्त निर्णयपछि बेनी नगरपालिकाकी उपप्रमुख ज्योती लामिछानेले न्युवेष्ट प्वाइन्ट आवासीय माविमा पढ्दै आएकी छोरी प्रशन्ना पौडेललाई बेनी सामुदायिकमा भर्ना गरेकी थिइन् ।

बेनी नगरपालिकाका प्रमुख सुरत केसी घट्दो जनसंख्या वृद्धिदर र बढ्दो बसाइँसराइको दरसँगै सामुदायिक विद्यालयको तह समायोजन, शिक्षक व्यवस्थापनको काम थालिएको बताए । 'स्तरीय यातायातको सुविधासँगै कक्षा ११, १२ पढ्नका लागि गाउँबाट सदरमुकाम बेनीका विद्यालयमा आउने विद्यार्थी पोखरा-काठमाडौं जान थालेका छन्,' उनले भने, 'शैक्षिकसत्रको सुरुमा भएको शिक्षक आन्दोलनका कारण कतिपय अभिभावकले बेनी बाहिर आफ्ना बालबालिका लैजाँदा विद्यार्थी संख्या घटेको हो ।' *रासस*

मानव-हात्ती द्वन्द्व

# डेढ दशकमा ७२ व्यक्ति र २५ हात्तीको मृत्यु

**बनियानी (झापा)–** झापामा डेढ दशकको अवधिमा हात्तीको आक्रमणबाट ७२ जनाको मृत्यु भएको छ । यस क्रममा २०६७ सालदेखि हालसम्म सात जना गैरनेपालीकोसमेत मृत्यु भएको छ ।

डिभिजन वन कार्यालय झापाका डा. सुमन भलका अनुसार सोही अवधिमा हात्तीको आक्रमणमा परी ९२ जना घाइते भएका छन् । २०८१ साउनदेखि हालसम्म हात्तीको आक्रमणमा परी पाँच जनाको मृत्यु भएको छ भने छ जना घाइते भएका छन् । पछिल्लो १५ वर्षको तथ्यांक हेर्दा औसतमा बर्सेनि पाँच जनाको मृत्यु भएको देखिन्छ ।

जिल्लामा मानव-हात्ती द्वन्द्व न्यूनीकरणका लागि विद्युतीय तारबार, जैविकमार्ग निर्माण, वन क्षेत्रमा पोखरी निर्माण, फलफूलका बिरुवा रोपण, गस्तीलगायतका गतिविधि हुँदै आएका छन् । 'फरेस्ट एक्सन नेपाल'का डा. लिलानाथ शर्मा विद्युतीय तारबारले मात्र मानव-हात्ती द्वन्द्व न्यूनीकरण नहुने बताउँछन् । 'तारबारले मात्र हात्तीलाई रोक्न/छेक्न सकिँदैन,' उनले भने, 'वनमै सुधार जरुरी छ ।'

हात्तीको जैविकमार्ग निर्माण, वनभित्रै हात्तीमैत्री वातावरण निर्माण तथा वनमा सुधार गर्नसके मानव-हात्ती द्वन्द्व न्यूनीकरण गर्न सकिने उनले बताए । खानाको खोजीमा जंगलबाट हात्ती बाहिरिने भएकाले वनभित्र हात्तीको आहारा व्यवस्थापन गर्नुपर्ने देखिन्छ । वन अतिक्रमणसँगै वनजंगल नजिकै मानव बस्ती बढ्दै गएकाले पनि मानव-हात्ती द्वन्द्व बढ्दै गएको हो ।

हात्तीले मकै मन पराउने भएकाले पनि मकैखेती हुने बेलामा भारतबाट हुलका हुल हात्ती आउने गरेको डिभिजन वन कार्यालय डा. भलले बताए । अन्य समयमा भन्दा मकैको याममा हात्तीको आवागमन बढी हुने उनको भनाइ छ ।

### २५ हातीको मृत्यु

झापामा २०६२ सालयता २५ हात्ती मृत फेला परेका छन् । पछिल्लो समय जिल्लामा हात्तीको मृत्यु हुने क्रम बढेको छ । विगतमा बर्सेनि एक/दुई वटा हात्ती मृत भेटिने गरेका थिए । तर, केही वर्षयता हात्तीको मृत्यु हुने क्रम बढेको छ । २०८० साउनदेखि २०८१ असार सम्ममा चार हात्ती मृत फेला परेका थिए भने चालु आवमासमेत हालसम्म चार हात्ती मृत फेला परेका डिभिजन वन कार्यालयले जनाएको छ ।

### साढे नौ करोड राहत

जिल्लाका हात्तीपीडितलाई सरकारले आव २०६८/६९ देखि चालु आवको हालसम्ममा नौ करोड ६८ लाख ४७ हजार रूपैयाँ राहत प्रदान गरिसकेको छ । हात्तीको आक्रमणबाट ज्यान गुमाउनेको परिवारलाई जनही १० लाख रूपैयाँ, घाइतेलाई अधिकतम दुई लाख रूपैयाँ, चौपाया, अन्नबाली र भौतिक संरचना क्षति भएकाको हकमा क्षतिको आधारमा क्षतिपूर्ति उपलब्ध गराउँदै आएको डिभिजन वन कार्यालयका डा. भलले बताए । जिल्लामा ५२५ जना वन्यजन्तुपीडित अझै राहतको पर्खाइमा छन् । *रासस*

# शुक्लाफाँटामा २० वर्षमुनिका किशोरी आमा बन्ने दर बढ्दो

**कञ्चनपुर (प्रस)–** शुक्लाफाँटा नगरपालिकामा २० वर्षमुनिका किशोरी आमा बन्ने दर बढ्दै जान थालेको छ । उमेर नपुगेरै विवाह गरी आमा बन्ने किशोरीमा शारीरिक तथा मानसिक स्वास्थ्यमा असर पर्दै गएको छ ।

नगरपालिकाको स्वास्थ्य शाखाको तथ्यांकअनुसार चालु आवमा बर्थिङ सेटरमा सुत्केरी भएका ३०२ महिलामध्ये २० वर्ष मुनिका ३० जना रहेका छन् । गत वर्ष त्यो संख्या २८ रहेको थियो । उमेर नपुगिकनै आमा बन्ने किशोरीको उमेर १६ देखि १९ वर्ष रहने गरेको छ ।

२० वर्ष मुनिका किशोरीमा गर्भाधारणका लागि शरीर परिपक्व नहुँदा बच्चा र आमा दुवैको स्वास्थ्य अवस्था जोखिममा पर्ने नगरपालिकाको स्वास्थ्य शाखाका प्रमुख परमानन्द भट्टले बताए । उनका अनुसार कानुनीरूपमा २० वर्षभन्दा कम उमेरमा विवाह गर्न नपाइने प्रावधान भए पनि व्यवहारमा भने त्यो लागू हुन सकेको छैन । शिक्षा, जनचेतना र यौन स्वास्थ्यसम्बन्धी जानकारीको अभावले किशोरी सुरक्षित यौन व्यवहारबारे जानकारी नपाई गर्भवती हुने गरेको उनी बताउँछन् ।

शरीरको पूर्ण विकास नहुँदा प्रसूतिमा जटिलता, कम तौलको बच्चा जन्मिनु, संक्रमणको जोखिम आमा रहन्छ भने जन्मने शिशुमा शारीरिक कमजोरी र संक्रमण दर बढ्दो रूपमा रहेको पाइने गरेको उनले बताए ।

'शिक्षा, जनचेतना र स्वास्थ्य सेवा सुदृढ पार्नसकेमात्रै किशोरी गर्भाधारण दर घटाउन सकिन्छ,' उनले भने, 'समुदायस्तरमा महिला शिक्षाको पहुँचलाई अभिवृद्धि गर्दै किशोरीलाई यौनशिक्षा दिने कार्यसँगै बालविवाह विरुद्धको कानुनी प्रावधानबारे जानकारी गराइनुपर्छ ।' अधिकांश २० वर्ष मुनिका गर्भवती हुने किशोरीमा विद्यालयको पढाइबीचमै छाडेर भागी विवाह गरेको पाइएको छ । अभिभावकको दबाबमा किशोरावस्थामै विवाह गरिएको भने पाइएको छैन ।


## रामनगर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
रामनगर, सर्लाही, मधेश प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशन मिति: २०८२/03/१४

प्रस्तुत विषयमा यस रामनगर गाउँ कार्यपालिकाको कार्यालयबाट मिति २०८२।०२।०९ गते विधुतिय माध्यमबाट प्रकाशित सूचना अनुसार रामनगर ४ हनुमान मंदिरदेखि विर्ताटोलसम्म सिचाइ विधुतिकरण सम्बन्धी कार्यको लागि रितपूर्वक दर्ता भई मिति २०८२।०३।१० गते प्राविधिक प्रस्ताव र मितिः २०८२/०३/१३ गते आर्थिक प्रस्ताव खोलिएका बोलपत्रहरुमध्ये न्यूनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही भएका तपशिल बमोजिमका बोलपत्रहरु स्वीकृतिको लागि छनौट गरिएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धी सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | ठेक्का नं. | न्यूनतम मुल्यांकित बोलपत्रदाताको नाम | कबोल अंक (मु.अ.कर र पि.एस. समेत) रू. |
|---|---|---|---|
| १ | NCB-Works-RRM-02-2081/082 | SUNIDHI NIRMAN SEWA | ३०७५६०० |

प्रमुख प्रशासकीय अधिकृत



**साउदीमा रोजगार** कम्पनी : HIGH RESTAURANT CATERING ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८२/03/13 | LT. No. 326298 | चलानी नं. ६०२४०२४१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 3 | 0 | 1200 | ४३,९३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असार २१ गते (5th Jul. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १३०२/०७४/०७५

**Lucky Human Resource Pvt.Ltd.**
Pingalasthan-08. Gaushala, Kathmandu, Nepal Tel :01 4589501, 014589401
E-mail: luckyhumanhr@gmail. Website : www.luckyhumanresource.com.np



**मलेसियामा रोजगार** कम्पनी : SONG JU FARMING SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/03/13 | LT. No. 326307 | चलानी नं. ६०२४०२३९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Agriculture Farm General Worker | 12 | 0 | 1700 | ५४,६८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असार २१ गते (5th Jul. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १०९३/०७३/०७४

**Al Haya Recruitment Pvt. Ltd.**
Dumbarahi, Kathmandu, Nepal Phone No. +977-1-4008610, E-mail : alhaya.recruitment@gmail.com



**साउदीमा रोजगार** कम्पनी : MODERN SOLUTIONS TRADING COMPANY

पूर्व स्वीकृति मिति : २०८१/११/२६ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/03/13 | LT. No. 320080 | चलानी नं. ६०२३४२७३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packing Helpers | 3 | 0 | 1000 | ३६,६१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असार २१ गते (5th Jul. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Target Consultant Human Resources Pvt. Ltd.**
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
E-mail: info@targetnepal.com, Web: www.targetnepal.com

श्रम ईजाजत नं. ८३३/०६६/०६७


पृष्ठ ४ बाट क्रमशः

## राजाजी डाँडाबाट...

जनश्रुतिअनुसार, यो स्थल प्राचीन समयमा राजा कुलेश्वरको दरबार रहेको थियो । राजाकी छोरी चन्द्रावती यही फूलबारीमा डुल्ने गरेको विश्वास गरिन्छ । मेलाको विशेष आकर्षण भनेको चोहरमलले खनेको भनिने सुरुङ, जसलाई हेर्न आउनेहरूको भीड लाग्ने गर्छ ।

पकडियागढ परिसरभित्र रहेको सार्वजनिक पोखरी संरक्षणको अभावमा विगतमा जीर्ण अवस्थामा पुगेको थियो । फोहोर र संरचनात्मक बेवास्ताका कारण त्यहाँको आगमन घट्दो थियो । तर, पछिल्लो समय मधेस प्रदेश सरकारको सौन्दर्यकरण योजनाअन्तर्गत ४० लाख रूपैयाँको लागतमा पोखरीको पूर्व र दक्षिणतर्फ घाट निर्माण, बाउण्ड्री वाल, स्टेडियम लाइट र मन्दिर परिसरमा पिसिसी ढलानजस्ता संरचना निर्माण गरिएको छ । यसले गर्दा विवाह, व्रतबन्धजस्ता सामाजिक कार्य सहज भएका छन् । साथसाथै पोखरीको संरक्षण र धार्मिक पर्यटन प्रवर्द्धनमा पनि टेवा पुगेको छ ।

### देवीदह

लहान नगरपालिका-१७ मा अवस्थित एक ऐतिहासिक, प्राकृतिक र धार्मिक दृष्टिले पूजनीय स्थान हो देवीदह । पूर्वपश्चिम राजमार्गबाट करिब छ किलोमिटर उत्तरमा रहेको यो दह सिरहा र सप्तरीलाई छुटयाउने बलान नदी किनारमा फेला पर्छ । स्थानीय जनश्रुतिअनुसार त्रेतायुगीन समयदेखि यहाँको पानीमा स्नान गर्दा रोगव्याधि हटेर जान्छ भन्ने विश्वास गरिन्छ । त्यस्तै, मनमा उत्पन्न हुने शंकाले भरिएको घाउ निको हुने विश्वास व्यापक छ । तर, बजेट अभावमा पोखरीको संरक्षण, सवर्द्धन तथा वरिपरिका भौतिक संरचना जीर्ण बन्दै गएको छ । यस दहको धार्मिक तथा पर्यटकीय महत्त्वलाई पुनर्स्थापित गर्न सरकार र स्थानीय तहबाट बजेट र पहल आवश्यक छ ।

### मानिक दह

लहान नगरपालिका-२४ मा अवस्थित मानिक दह केवल प्राकृतिक जलासयमात्र होइन, सलहेस सर्किटअन्तर्गत पर्ने एक प्राचीन धार्मिक तीर्थस्थल हो । जुन विशेषतः सलहेससँग जोडिएको पौराणिक विश्वासका कारण स्थानीय जनजीवनमा गहिरो आस्था बोकेको छ ।

जानकारका अनुसार सलहेस बाबा यही दहमा स्नान गर्ने गर्दथे भन्ने धार्मिक विश्वास छ । यही कारणले हरेक वर्ष वैशाख १ गते यहाँ बृहत्तर मेला लाग्ने गर्छ, जहाँ सिरहा, सप्तरी, उदयपुरलगायत तराईका विभिन्न जिल्लाबाट हजारौं श्रद्धालुको आगमन हुन्छ । मानिक दह करिब १७ बिघामा फैलिएको विशाल जलाशय हो । चारैतिर हरियाली, मन्दिर र पवित्रताले भरिएको यो स्थलले धार्मिकमात्र होइन, प्राकृतिक सौन्दर्यको अनुभव पनि प्रदान गर्छ ।

दहको दक्षिणी भागमा डिहबारको मन्दिर, घाट निर्माण र डिल (किनारा) मर्मतका लागि हालसम्म ७० लाख रूपैयाँभन्दा बढी नगरको बजेट खर्च भइसकेको छ । साथै, पश्चिम भागमा सलहेस मन्दिर निर्माण गरिएको छ, जसले यस क्षेत्रको धार्मिक पहिचानलाई थप मजबुत बनाएको छ । यहाँको पानीमा स्नान गरेपछि रोगव्याधि हट्ने र भाकल गरेमा मनोकामना पूरा हुने जनविश्वासले मानिक दहलाई स्थानीय धार्मिक आस्थाको केन्द्र बनाएको छ ।

### राजदेवी मन्दिर

त्यसैगरी, नगरपालिकाको १५ नम्बर वडामा अवस्थित राजदेवी माताको मन्दिर भाकल पूरा गर्ने भगवती देवीस्थानको रूपमा परिचित छ । वैशाख पूर्णिमाका दिन बोकासहित चार प्रकारका पशुपन्छीको बलि दिइन्छ, जसमा १० हजारदेखि २० हजार बोकासम्म बलि दिने चलन छ । उक्त मन्दिरमा बली चढाए भाकल पूरा हुने जन विश्वास रहेको छ । स्थानीय र प्रदेश सरकारले सडक सुगम-बनाउने, धर्मशाला र पार्क निर्माण साथै मन्दिर परिसरको सौन्दर्यीकरणमा काम गरिरहेको छ ।

स्थानीय, प्रदेश तथा नेपाल सरकार र यस क्षेत्रमा क्रियाशील सरोकारवाला संघसंस्थाले लहानको पर्यटकीय नगरी 'सलहेस सर्किट'को व्यवस्थापनका लागि एकीकृत गुरुयोजना बनाएर काम गर्नसके आन्तरिक एवं बाहृय पर्यटकलाई आकर्षित गरी व्यापारिक तथा धार्मिक दृष्टिले समुचित लाभ लिन सकिने भएकाले यस क्षेत्रमा उचित ध्यान दिनुपर्ने मानवअधिकारकर्मी राजकुमार राउतको भनाइ छ । 'एउटै नगरपालिकाभित्र यति धेरै ऐतिहासिक र पुरातात्त्विकस्थल हुनु नै लहानको धार्मिक पर्यटन सम्भावनाको प्रमाण हो,' राउतले भने, 'यदि लहान नगरपालिकाले यी सम्पदाको संरक्षण र समुचित विकास गर्न सके, यो नगरपालिका निकट भविष्यमा देशकै एक समृद्ध धार्मिक-पर्यटकीय गन्तव्य बन्ने छ ।' *रासस*

प्रभाव दैनिक

रूपशाला

## २५ दिनमा सकियो 'द ब्ल्यु लाइट'को छायांकन

साइकोलोजिकल थ्रिलर जनरामा निर्माण भएको चलचित्र 'द ब्ल्यू लाइट'को इन्डकल्याप भएको छ । चलचित्रको छायांकन २५ दिनमा सकिएको छ । काठमाडौँका विभिन्न स्थानमा छायांकन भएको चलचित्र बलिराम चौहानले निर्देशन गरेका हुन् । चौहानको यो निर्देशनमा डेब्यु चलचित्र हो । स्काइफल पिक्चर्सको प्रस्तुति रहेको चलचित्रमा बेनिशा हमाल, अर्पण थापा, महेश त्रिपाठी, आयुसमान देशराज जोशी, सृष्टि श्रेष्ठ, सुरक्षा इटानीको अभिनय छ ।



शनिबार, १४ असार, २०८२ (Saturday, June 28, 2025)

# 'खेल र चलचित्र क्षेत्रको विकासलाई महत्त्व दिएको छु'

■ प्रभाव संवाददाता

**काठमाडौं–** पूर्व प्रधानमन्त्री तथा नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहालले चलचित्र विधेयक २०८१ माथि पुनरावलोकनका लागि सरोकारवालासँग छलफल गरेका छन् ।

शुक्रबार पार्टी कार्यालय पेरिसडाँडामा आयोजित छलफलमा राष्ट्रिय सभा अन्तर्गतको विधायन व्यवस्थापन समितिका सदस्यहरू, चलचित्रकर्मी संघ तथा अन्य सरोकारवाला सहभागी थिए ।

छलफलमा अध्यक्ष प्रचण्डले चलचित्र विधेयकलाई निकै महत्वपूर्ण विषय भन्दै राज्यले यसको संवेदनशीलता बुझेर अगाडि बढ्नुपर्नेमा जोड दिए ।



उनले राजनीतिक नेतृत्वले खेल र चलचित्र जस्ता विषयमा ध्यान कम दिने गरेको उल्लेख गर्दै आफूले पनि खेल र चलचित्र क्षेत्रलाई महत्त्व दिएर अगाडि बढाउने प्रयास गर्दै आएको बताए ।

'म प्रधानमन्त्री भएपछिबाट खेल र चलचित्र क्षेत्रको विकासमा राज्यको ध्यान जानुपर्छ भनेर महत्व दिँदै आएको छु', प्रचण्डको भनाइ छ । चलचित्र क्षेत्रलाई मनोरञ्जनको मात्र विषय नभई समाज रूपान्तरणको साधनको रूपमा पनि लिनुपर्ने प्रचण्डको जोड छ । 'कतिपय चलचित्रले समाजमा सोच र विचारमै परिवर्तन ल्याएका छन्। चलचित्र कालजयी पनि हुन्छन्', प्रचण्डले सामाजिक घटनाक्रम चलचित्रमा सचित्र देखिनु आवश्यक रहेको उल्लेख गरे ।

चलचित्र विधेयकलाई समावेशी, सशक्त र समाजदर्शी बनाउन सबै पक्षसँग छलफल गरेर आवश्यक संशोधन गर्न सहयोग गर्ने प्रचण्डले सरोकारवालाई विश्वास दिलाए । त्यसक्रममा शिक्षा विधेयकबारे समेत चर्चा गर्दै अध्यक्ष प्रचण्डले संविधानको भावना अनुसार सुधार र समावेशीताको पक्षमा आफू रहेको भन्दै देश र जनतालाई अगाडि लैजानुपर्छ भन्नेमा आफूहरू रहेको बताए ।

# 'हली'को 'चान्स पाएँ त' गीत सार्वजनिक



■ प्रभाव संवाददाता

**काठमाडौं–** पूजा गुरुङ र जशिमन श्रेष्ठको लगानीमा तयार भएको फिल्म 'हली'को प्रमोशनल गीत 'चान्स पाएँ त' सार्वजनिक गरिएको छ । काठमाडौँमा शुक्रबार आयोजित एक कार्यक्रम बिच सार्वजनिक गीतमा बाबुल गिरी र शान्ती श्री परियारको स्वर, जशिमन श्रेष्ठको शब्द र बाबुल गिरीको सङ्गीत छ ।

यो गीतको भिडियोलाई पनि आकर्षक बनाइएको छ । सुभ चिरायू फिल्मस्सँग जापुरा फिल्मस् प्रोडक्सनको ब्यानरले सहकार्य गर्दै निर्माण गरिएको यो फिल्ममा ओम प्रतिकको लेखन तथा निर्देशन छ ।

सार्वजनिक प्रमोशनल गीतमा फिल्मका मुख्य नायक प्रमोद दीपसँगै कलाकारहरू दीपाश्री निरौला, किरण केसी, दीलिप रायमाझी, प्रियंका कार्की र पूजा शर्माले नृत्य गरेका छन् ।

कलाकारहरूको बलियो नृत्यले गीतको भिडियोलाई सशक्त बनाएको छ । वास्तविक जीवनका घटनाहरूबाट प्रेरित भनिएको यो फिल्ममा नम्रता भण्डारी सह-निर्माताको रूपमा छिन् ।

फिल्ममा प्रमोद दीप, सुजता थापा, ओम प्रतिक, सरोज खनाल, अरुणा कार्की, अर्जुन गुरुङ, विद्या कार्की, नविन श्रेष्ठ, कञ्चन दुलाल, कमल गाउँले र विशाल पहाडीको अभिनय छ ।

अर्जुन भुसाल कार्यकारी निर्माता रहेको फिल्ममा लक्ष्मण बज्राचार्य लाइन प्रोड्यूसर, जीवननाथ गौतम मुख्य सहायक निर्देशक, राम प्रसाद चौधरीको सम्पादन छ । फिल्मको प्रमोशनल गीतलाई भने विपिन मल्लले सम्पादन गरेका हुन् । गीतको भिडियोलाई कविराज गहतराजले कोरियोग्राफी गरेका हुन् । फिल्ममा राहुल राइको छायाङ्कन छ । फिल्ममा शम्भुजित बास्कोटा, बाबुल गिरी र कृष्ण भारद्वाजको सङ्गीत, कुमार महर्जनको एक्सन, कविराज गहतराज र ओम प्रतिकको कोरियोग्राफी छ ।

# 'उपहार'लाई लक्की फिल्मका चार अवार्ड

**चितवन (प्रस)–** मोफसल कै चर्चित लक्की मिडिया हाउसले आयोजना गरेको 'दोस्रो लक्की फिल्मी अवार्ड तथा सम्मान कार्यक्रम' मा चलचित्र उपहारले चार वटा विधामा अवार्ड हात पारेको छ ।

लक्की मिडिया हाउसले सार्वजनिक गरेको विभिन्न ११ वटा विधामध्ये चलचित्र उपहारले उत्कृष्ट चलचित्र, उत्कृष्ट गायिका, उत्कृष्ट निर्देशक र उत्कृष्ट सङ्गीतकारतर्फ अवार्ड प्राप्त गरेको हो ।

आयोजक लक्की मिडिया हाउसका महाप्रबन्धक हरि कार्की 'लक्की' का अनुसार चलचित्र उपहारले उत्कृष्ट चलचित्र सहित चार विधामा अवार्ड प्राप्त गरेको हो ।

चलचित्र उपहारले उत्कृष्ट गायिका, उत्कृष्ट निर्देशक र उत्कृष्ट सङ्गीतकार विधामासमेत अवार्ड प्राप्त गरेको कार्कीले बताए।

उत्कृष्ट गायिकातर्फ चलचित्र उपहारको 'वा वा वा..' बोलको गीतका लागि एलिना चौहान, उत्कृष्ट निर्देशकतर्फ चलचित्र उपहारकै निर्देशक ज्ञानेन्द्र देउजा र उत्कृष्ट सङ्गीतकारतर्फ 'कहिल बार बिर्सन्छु' बोलेको गीतका लागि अर्जुन पोखरेलले अवार्ड प्राप्त गरेका छन् ।

त्यस्तै उत्कृष्ट छायाँकारतर्फ चलचित्र ऐँचो पैँचोबाट पुरुषोत्तम प्रधान तथा उत्कृष्ट नव निर्देशकतर्फ चलचित्र ऐँचो पैँचोकी निर्देशक कृषा चौलागाईंलाई अवार्ड प्रदान गरिएको छ ।

लक्की फिल्मी अवार्डमा उत्कृष्ट अभिनेताको अवार्ड नायक प्रदीप खड्का चलचित्र पुजार सार्कीका लागि गरिएको कार्कीले बताए। उत्कृष्ट सम्पादकको अवार्डसमेत पुजार सार्कीकै सम्पादक भरत रेग्मीलाई प्रदान गरिएको कार्कीको भनाइ छ ।

लक्की फिल्मी अवार्डमा उत्कृष्ट अभिनेताको अवार्ड नायक प्रदीप खड्का चलचित्र पुजार सार्कीका लागि गरिएको कार्कीले बताए। उत्कृष्ट सम्पादकको अवार्डसमेत पुजार सार्कीकै सम्पादक भरत रेग्मीलाई प्रदान गरिएको कार्कीको भनाइ छ।

त्यसैगरी उत्कृष्ट अभिनेत्रीको अवार्ड चलचित्र बोक्सीको घरका लागि केकी अधिकारी एवम् उत्कृष्ट गायकको अवार्ड चलचित्र दिमाग खराबमा 'माया' बोलको गीतका लागि सुगम पोखरेललाई प्रदान गरिएको छ ।



# महिला ह्याण्डबलको सेमिफाइनल समीकरण पूरा




■ प्रभाव संवाददाता

**पोखरा–** पोखरामा जारी प्रथम गण्डकी कप महिला राष्ट्रिय ह्याण्डबल प्रतियोगिताको सेमिफाइनल समिकरण पुरा भएको छ ।

गण्डकी प्रदेश ह्याण्डबल संघको आयोजना तथा प्रदेश खेलकुद परिषद गण्डकीको प्रवर्द्धन एवं बुल्समेन क्लबको सहयोगमा सञ्चालन भएको प्रतियोगितामा शुक्रबार ६ खेल सकिएसँगै लिग चरण सम्पन्न भएको हो ।

प्रतियोगितामा एपीएफ र आर्मी आ-आफ्नो समूहमा विजेता बन्दै सेमीफाइनलमा प्रवेश गरेका छन् भने आयोजक गण्डकी प्रदेश र कोशी उपविजेता बन्दै सेमीफाइनलमा प्रवेश गरे ।

शुक्रबार समूह 'ए' तर्फ भएको खेलमा गण्डकी प्रदेशले मधेश प्रदेशलाई १६-२ र बागमती प्रदेशलाई १०-३ गोलअन्तरले हरायो ।

यस्तै एपिएफले मधेश प्रदेशलाई २२-ले हराएको छ । समूह 'बि' को खेलमा कोशी प्रदेशले कर्णाली प्रदेशलाई ३१-९ र लुम्बिनी प्रदेशलाई १०-२ गोल अन्तरले हराएको छ । त्रिभुवन आर्मीले कर्णालीलाई २२-४ ले हराएको छ । समूह ए बाट एपीएफ समूह विजेता बन्दै सेमिफाइनलमा प्रवेश गरेको हो ।

एपीएफले ३ खेलमा ३ जितसहित ९ अंक बटुल्दा दोस्रो भएको गण्डकीले ३ खेलमा २ जित १ हारसहित ६ अंक हासिल गर्‍यो । बागमती ३ खेलमा १ जित २ हारका साथ तेस्रो स्थानमा रहँदा मधेश जित विहिन रह्यो ।

समूह बीबाट आर्मी ३ खेलमा ३ जितसहित ६ अंकका साथ शीर्षस्थानमा रह्यो । कोशी ३ खेलमा २ जित १ हारसहित ६ अंकका साथ दोस्रो स्थानमा रह्यो । कर्णाली ३ खेलमा १ जित २ हार सहित ३ अंकका साथ तेस्रो र लुम्बिनी ३ हार सहित अंक विहिन रहदै पुछारमा रह्यो ।

शनिबार सेमीफाइनलमा कोशी प्रदेशले एपीएफको र गण्डकी प्रदेशले आर्मीको सामना गर्नेछ । सेमीफाइनल लगत्तै फाइनल खेल हुने गण्डकी प्रदेश ह्याण्डबल संघका अध्यक्ष केशव पाठकले जानकारी दिए ।

प्रतियोगितामा कुल ८ टिमको सहभागिता छ । प्रतियोगिताको विजेताले विजेताले १ लाख रूपैयाँ, उपविजेताले ५० हजार, तेस्रोले ३० तथा चौथो हुनेले २० हजार रूपैयाँको साथमा शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्ने कोषाध्यक्ष कृष्ण सिंह बस्नेतले जानकारी दिएका छन् ।

# नेपाली राष्ट्रिय टिमले अस्ट्रेलियासँग टी-ट्वान्टी सिरिज खेल्ने

■ प्रभाव संवाददाता

**काठमाडौं–** राष्ट्रिय क्रिकेट टिमले टी ट्वान्टी विश्वकप क्रिकेट छनोटको तयारी अष्ट्रेलियामा गर्ने भएको छ ।

नेपाल क्रिकेट संघ क्यानले शुक्रबार सुचना जारी गर्दै अष्ट्रेलियाको नर्दन टेरिटोरी क्रिकेटले आयोजना गर्ने टी ट्वान्टी सिरिजमा नेपाल सहभागी हुने बताएको हो ।

अष्ट्रेलियामा हुने सिरिजलाई क्यानले नेपालको टी ट्वान्टी विश्वकप छनोटको तयारीको रूपमा लिएको छ । सो सिरिज अगष्ट १४ बाट २४ सम्म सञ्चालन हुनेछ ।

टप इन्ड टी ट्वान्टी सिरिज नामको प्रतियोगिता क्रिकेट अष्ट्रेलियाले स्वीकृति प्रदान गरेको नर्दन टेरिटोरीमा हुने टी ट्वान्टी ढाँचाको क्रिकेट कार्यक्रम हो ।




यो हरेक वर्ष अष्ट्रेलियन बिग बास लिग अघि हुने गर्दछ । यस सिरिजलाई सामान्यतया बिग बासको पूर्व तयारीको प्रतियोगिताको रूपमा हेर्ने गरिन्छ ।

# वीर गणेशमान दौडमा ५०० दौडने

■ प्रभाव संवाददाता

**काठमाडौं–** पाँचौं संस्करणको बीर गणेशमान सिंह १० किलोमिटर दौड ५ सय धावकले दौडने भएका छन् ।

गणेशमान सिंह फाउन्डेसन र बीर गणेशमान सिंह स्पोर्ट्स कमिटीद्वारा आयोजित प्रतियोगितामा महिला, पुरुष विधामा ५ सय जनाले नाम दर्ता गराएको आयोजकले जानकारी दिएको छ । महिला र पुरुष विधा समावेश दौडमा विभागीय टिम, विभिन्न संघ, संस्था, स्कुल, कलेज र केही बिदेशी गरी विभिन्न निकायबाट खेलाडी दर्ता गरिएको आयोजकले जनाएको छ ।



प्रतियोगिता भोलि शनिबार बिहान ७ बजे दरबारमार्गबाट सुरु भएर भद्रकाली, रत्नपार्क, जमल, दरबारमार्ग, केशल महल, लैनचौर, लाजिम्पाट, महाराजगन्ज, बालुवाटार, नक्साल, जय नेपाल हुदै पुन दरबारमार्गमा पुगेर समापन हुने आयोजकले जानकारी दिएको छ ।

प्रतियोगिताको विधागततर्फका विजेताले ६० हजार, दोस्रोले ३० हजार, तेस्रोले १५ हजार, चौथोंले १० हजार, पाँचौंले ५ हजार नगद पुरस्कार प्राप्त गर्नेछन् । दौडमा १० किलोमिटरको कोर्ष रेकर्ड कायम गर्ने खेलाडीलाई थप नगद १० हजार रूपैयाँ प्रदान गरिने आयोजक संस्थाका सचिव राजन खत्रीले जानकारी दिएका छन् ।



पूर्वी चीनको जियाङ्सी प्रान्तको शाङयोउ काउन्टीमा रहेको युआन न्यू मटेरियल्स कम्पनी लिमिटेडको कार्यशालामा काम गर्दै एक श्रमिक ।

*तस्बिरः सिन्ह्वा*

# विकास सहयोग बजेट व्यवस्थापनका लागि राष्ट्रसंघीय सम्मेलन स्पेनमा

**म्याड्रिड–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको नेतृत्वमा भएको बजेट कटौती र विश्वव्यापी उथलपुथलले गरिबी, भोकमरी र जलवायु परिवर्तनविरुद्धको प्रगतिमा बाधा पुर्‍याएको भन्दै आगामी साता संयुक्त राष्ट्रसंघको सम्मेलन स्पेनमा आयोजना हुने भएको छ ।

फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रौँ, दक्षिण अफ्रिकाका सिरिल रामाफोसा र इक्वेडरका डेनियल नोबोआले जुन ३० देखि जुलाई ३ सम्म दक्षिणी सहर सेभिलमा हुने करिब ७० राष्ट्र तथा सरकार प्रमुखको नेतृत्व गर्ने छन् । विकासका लागि वित्तीय सहायतासम्बन्धी चौथो अन्तर्राष्ट्रिय सम्मेलनमा अमेरिकाले बेवास्ता गर्नुले यस क्षेत्रका लागि अन्तर्राष्ट्रिय सहयोग कम हुने चुनौतीलाई उजागर गरेको छ ।

सम्मेलनमा संयुक्त राष्ट्रसंघका प्रमुख एन्टोनियो गुटेर्रेस, विश्व बैंकका प्रमुख अजय बंगालगायत व्यवसाय, नागरिक समाज र वित्तीय संस्थाका चार हजारभन्दा बढी प्रतिनिधि सहभागी हुने छन् । विकास केन्द्रित यस्ता जमघट विरलै हुने गरेका छन् र विश्वका धनी देशहरूले सन् २०३० का लागि तय गरेका विकास लक्ष्यहरू पहुँचबाट टाढिँदै गएकाले यसको तात्कालिकता उच्च छ ।

गुटेर्रेसले सहायताका लागि आगामी वर्षदेखि वार्षिक चार ट्रिलियन अमेरिकी डलरको फरक हुने अनुमान गरेका छन् । विश्वकै सबैभन्दा ठूलो वैदेशिक सहायता योगदानकर्ता युएसएआइडीका लागि ट्रम्पले आर्थिक सहायता कटौती गरेपछि मानवीय अभियानलाई ठूलो धक्का लागेको छ ।

बेलायत, फ्रान्स, जर्मनी, नेदरल्यान्ड्स र बेल्जियमजस्ता धनी मुलुकले पनि आर्थिक तथा सुरक्षा प्राथमिकता परिवर्तन भएको र राष्ट्रिय बजेट खुम्चिएकाले सहायता कटौतीको घोषणा गरेका छन् । दक्षिण अफ्रिकामा एड्सविरुद्ध लड्नेदेखि लिएर बंगलादेशमा विस्थापित रोहिंग्या बालबालिकालाई शिक्षित बनाउनेसम्मका कामले तत्काल प्रभाव पारिरहेको छ ।

संयुक्त राष्ट्रसंघीय शरणार्थी एजेन्सीले विश्वका १०औं लाख अति जोखिममा रहेका नागरिकलाई प्रभावित पार्ने गरी कोषको रकम सुकेपछि तीन हजार ५०० रोजगारी कटौती गर्ने घोषणा गरेको छ । मध्यपूर्व र युक्रेनमा भएको विनासकारी द्वन्द्वका बेला अन्तर्राष्ट्रिय सहयोगमा यसपहिले नै अभाव रहेकोमा ट्रम्पको अप्रत्यासित कर वृद्धिले विश्वव्यापी व्यापारलाई अस्तव्यस्त बनाएको छ ।

## ऋण बोझ

अन्तर्राष्ट्रिय वित्तमा सुधार र न्यून आय भएका देशहरूको ठूलो ऋणभारलाई कम गर्नु छलफलको मुख्य विषयहरू भएको आयोजकले जनाएको छ । धेरै विकासशील राष्ट्रहरूको बजेट कोभिड-१९ महामारीपछि बढेको ऋणको सेवा, स्वास्थ्य, शिक्षा र पूर्वाधारमा महत्त्वपूर्ण लगानीलाई रोक्दै सीमित छ ।

स्वर्गीय पोप फ्रान्सिसले केही समयअघि सार्वजनिक गरेको र नोबेल पुरस्कार विजेता अर्थशास्त्री जोसेफ स्टिग्लिट्जको संयोजनमा तयार पारिएको एक प्रतिवेदनअनुसार तीन अर्ब ३० करोड मानिसले स्वास्थ्यमा भन्दा पनि बढी ब्याज तिर्ने देशहरूमा बस्छन् । आलोचकहरूले दोस्रो विश्वयुद्धपछिको अन्तर र्राष्ट्रिय वित्तीय प्रणाली, विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्रा कोषको सुधारका लागि अमेरिकास्थित आधारस्तम्भको आलोचना गरेका छन् ।

गुटेर्रेसले सेभिलले पुरानो, निष्क्रिय र अन्यायपूर्ण अन्तर्राष्ट्रिय वित्तीय प्रणालीमा सुधार गर्ने अद्वितीय अवसरको प्रतिनिधित्व गरेको बताए । गत जुनमा न्युयोर्कस्थित संयुक्त राष्ट्रसंघको मुख्यालयमा भएको तयारी बैठकमा संयुक्त राज्य अमेरिकाबाहेकका देशहरूले सेभिलमा पारित हुने एउटा दस्तावेजमा सर्वसम्मतिले सहमति जनाएका थिए ।

संयुक्त राष्ट्रसंघको सन् २०३० को गरिबी, भोकमरी उन्मूलन र लैंगिक समानता प्रवर्द्धनसम्बन्धी दिगो विकास लक्ष्य हासिल गर्ने प्रतिबद्धतालाई दस्तावेजले पुनः पुष्टि गरेको छ । यसले विशेषगरी अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरूमा ग्लोबल साउथको प्रतिनिधित्व सुधार गरेर कर प्रणालीमा सुधार गर्नमा ध्यान केन्द्रित गर्दछ ।

उक्त दस्तावेजले विकास बैंकहरूलाई आफ्नो ऋण क्षमता तीन गुणा बढाउन, ऋणदाताहरूलाई आवश्यक सामाजिक खर्चका लागि पूर्वानुमानयोग्य वित्त सुनिश्चित गर्न र कर छलीविरुद्ध थप सहयोगका लागि आग्रह गरेको छ । संयुक्त राज्य अमेरिकाले राष्ट्रिय सार्वभौमिकतामाथि अतिक्रमण गर्ने, अन्तर र्ाष्ट्रिय वित्तीय संस्थाहरूमा हस्तक्षेप गर्ने र 'यौन-आधारित प्राथमिकताहरू' समावेश गर्ने पहलहरूको विरोध गरेको बताएको छ ।

## महत्वाकांक्षाको कमी

युरोपेली संघ (इयू)ले सहमति हासिल गरेकोमा खुशीयाली मनाइरहेका बेला गैरसरकारी संस्थाहरूले महत्त्वाकांक्षाको कमी भएको भन्दै प्रतिबद्धताको आलोचना गरेका छन् । क्रिश्चियन एड'की विश्वव्यापी वकालत प्रमुख मारियाना पाओलीका अनुसार यो दस्तावेजले 'ग्लोबल साउथ'को तत्काल आह्वानको बावजुद ऋण र जीवाश्म इन्धन अनुदानमा प्रमुख प्रतिबद्धताहरूलाई कमजोर पार्छ ।

उनले भनिन्, 'अमेरिकी अवरोधबाट जोगिएर ग्लोबल नर्थले सुधारलाई अवरोध गरिरहेको छ । यो नेतृत्व होइन, यो इन्कार हो ।' उनका अनुसार धनी देशहरूले आफ्ना वाचाहरू पूरा गर्न असफल भएका कारण विश्वासमा ह्रास आएको छ । सन् २०२० सम्ममा गरिब राष्ट्रहरूलाई प्रतिवर्ष १०० अर्ब अमेरिकी डलरको जलवायु वित्त उपलब्ध गराउने वाचा गरे पनि उनीहरूले सन् २०२२ मा मात्र लक्ष्य पूरा गरेका थिए ।

गत वर्ष अजरबैजानमा सम्पन्न संयुक्त राष्ट्रसंघको जलवायु शिखर सम्मेलनमा धनी देशहरूले सन् २०३५ सम्ममा वार्षिक ३०० अर्ब अमेरिकी डलरको जलवायु वित्त उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गरेका थिए । स्वतन्त्र विज्ञहरूले यसमा प्रतिवर्ष एक ट्रिलियन डलरभन्दा बढीको आवश्यकता अनुमान गरेका छन् ।

स्पेन संयुक्त राष्ट्रसंघको विकास वित्त सम्मेलन आयोजना गर्ने पहिलो विकसित देश हुने छ । यसअघि, विकास वित्त सम्मेलन सन् २००२ मा मेक्सिकोमा, सन् २००८ मा कतारमा र सन् २०१५ मा इथियोपियामा भएको थियो । *रासस/एएफपी*

# रूसमाथिको प्रतिबन्ध लम्ब्याउन इयू नेता सहमत

**बेल्जियम–** क्रेमलिनमैत्री हंगेरीले रुसमाथिको प्रतिबन्धलाई खुकुलो पार्नसक्ने सम्भावनाबीच थप छ महिनाका लागि रुसमाथिको प्रतिबन्ध लम्ब्याउन इयू नेता सहमत भएका छन् ।

ब्रसेल्समा भएको शिखर सम्मेलनको निर्णयको अर्थ युक्रेनमा जारी युद्धलाई लिएर युरोपेली संघ (इयू) ले रुसी केन्द्रीय बैंकको २०० अर्ब युरो (२३४ अर्ब अमेरिकी डलर) भन्दा बढी सम्पत्ति जफत गर्नेलगायतका व्यापक प्रतिबन्धहरू सन् २०२६ को सुरुसम्म कायम रहने युरोपेली संघ (इयू) का सदस्य राष्ट्रका नेताले बताएका छन् ।

हंगेरीका नेता भिक्टर ओर्बानले नमानेमा मस्कोलाई आर्थिक दण्ड दिनेगरी आपत्कालीन योजना बनाइरहेको अधिकारीहरूले बताएका छन् । युरोपेली संघका समकक्षीहरूले बुडापेस्टले यी उपायहरू नवीकरण गर्न अस्वीकार गरेमा संयुक्त राज्य अमेरिकाले शान्ति प्रयासलाई दबाब दिइरहेका बेला रुसमाथि समूहको पकडमा ठूलो खाडल पर्न सक्ने आशंका व्यक्त गरेका थिए ।

प्रत्येक छ महिनामा थप गर्नुपर्ने प्रतिबन्ध जनवरीमा नवीकरणका लागि आउँदा ओर्बानले अन्तिमपटक उक्त निर्णय गरेका हुन् । तर इयूले आफ्ना विद्यमान उपायहरू यथावत् रहने सुनिश्चित गरे पनि हंगेरीको सहयोगी स्लोभाकियाको अवरोधका कारण उसले प्रतिबन्धको नयाँ प्याकेजमा स्वीकृति पाउन असफल भएको छ ।

स्लोभाकियाका नेता रोबर्टो फिकोले सन् २०२७ को अन्त्यसम्ममा रुसी ग्यासको आयात बन्द गर्ने योजनालाई लिएर ब्रसेल्ससँगको छुट्टै विवादका कारण शिखर सम्मेलनमा नयाँ चरणको प्रतिबन्धलाई स्वीकृति दिन अस्वीकार गरेका छन् । स्लोभाकिया रूसी ग्यास आयातमा निर्भर छ र आफ्नो क्षेत्रभरि पाइप आपूर्तिका लागि ट्रान्जिट शुल्कबाट पैसा कमाउँछ ।

फिकोले बिहीबार इयू प्रमुख उर्सुला भोन डेर लेयेनसँग वार्ता गरे पनि आफूले चाहेको प्रतिबन्ध प्याकेज रोक्न असफल भएको घोषणा गरेकी थिइन् । युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले एक भिडियो सम्बोधनमा इयू नेताहरूलाई 'रूसको तेल व्यापार, गैरकानुनीरूपमा आवागमन गर्ने ट्यांकर, बैंक र हतियार बनाउन उपकरण वा पार्टपुर्जाहरू ल्याउन प्रयोग हुने आपूर्ति शृंखलाहरूलाई लक्षित गरी कडा प्याकेज ल्याउन' आग्रह गरेका छन् ।

सहभागी इयू अधिकारीका अनुसार रुसको तेल निर्यातमा मूल्य सीमा घटाउने प्रयासलाई जी-७ सम्मेलनको व्यापक पहलको एक भागको रूपमा समर्थन गर्न वासिङ्टनले अस्वीकार गरेपछि यो एजेण्डा छलफलको विषय बन्न सकेन । *रासस/एएफपी*

# अमेरिका र चीनबीच व्यापारसम्बन्धी सम्झौतामा हस्ताक्षर

**बैंकक–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अमेरिका र चीनले व्यापारमा एक सम्झौतामा हस्ताक्षर गरेका बताएका छन् । उनले भारतसँग पनि चाँडै सम्झौता हुने अपेक्षा गरिएको बताए ।



वाणिज्यमन्त्री हावर्ड लुटनिकले ब्लुमबर्ग टिभीलाई यो हप्ताको सुरुमा सम्झौतामा हस्ताक्षर भएको जानकारी दिए । लुटनिक वा ट्रम्पले सम्झौताका बारेमा कुनै विवरण दिएका छैनन् । 'हामीले भर्खरै चीनसँग हस्ताक्षर गर्‍यौं,' ट्रम्पले बिहीबार राति भने ।

लुटनिकले यो सम्झौतामा दुई दिनअघि 'हस्ताक्षर र छाप लगाइएको' बताए । यो मे महिनाको सुरुमा जेनेभामा भएको प्रारम्भिक वार्ताको परिणाम हो । वार्ताले दुवै पक्षलाई ठूला भन्सार शुल्क वृद्धि स्थगित गर्न प्रेरित गरेको थियो । भन्सार शुल्क वृद्धिले दुई देशबीचको धेरैजसो व्यापार स्थगित गर्ने खतरा थियो ।

पछि लण्डनमा भएको वार्ताले वार्ताका लागि रूपरेखा तय गर्‍यो र ट्रम्पले उल्लेख गरेको सम्झौताले त्यो सम्झौतालाई औपचारिक रूप दिएको देखिन्छ । 'राष्ट्रपतिले यी सम्झौताहरू आफैं पूरा गर्न मन पराउनुहुन्छ । उहाँ सम्झौता निर्माता हुनुहुन्छ । हामी एकपछि अर्को सम्झौता गर्ने छौं,' लुटनिकले भने ।

चीनले कुनै नयाँ सम्झौताको घोषणा गरेको छैन, तर यसले यस हप्ताको सुरुमा दुर्लभ खनिज तत्व, विद्युतीय सवारीजस्ता उच्च-टेक उत्पादनहरूमा प्रयोग हुने सामग्रीहरूको निर्यात स्वीकृतिको गति बढाइरहेको घोषणा गरेको थियो । दुर्लभ खनिज तत्वको निर्यातमा बेइजिङको सीमाहरू विवादको मुख्य बिन्दु भएको छ ।

चिनियाँ वाणिज्य मन्त्रालयले बिहीबार बेइजिङले दुर्लभ खनिज तत्वहरूका लागि निर्यात इजाजतपत्र आवेदनहरूको समीक्षालाई गति दिइरहेको र 'निश्चित संख्यामा अनुपालन आवेदनहरू' स्वीकृत गरेको बताएको छ ।

चीनले अप्रिलमा सात दुर्लभ खनिज तत्वमा अनुमति आवश्यकताहरू लगाएपछि खनिजहरूको निर्यात नियन्त्रणले बेइजिङ र वासिङ्टनबीचको पछिल्लो व्यापारिक वार्तामा भन्सार शुल्कहरूलाई उछिनेको देखिन्छ । ती खनिजको निर्यात नियन्त्रणले अमेरिका र विश्वभरका कारहरू, रोबोटहरू, हावा टर्बाइनहरू र अन्य उच्च प्रविधिका उत्पादनहरूको उत्पादनमा बाधा पुर्‍याउने खतरा छ ।

मे महिनामा जेनेभामा भएको सम्झौताले दुवै पक्षलाई ट्रम्पले आफ्नो व्यापार युद्ध बढाएको र आयात शुल्क तीव्र रूपमा बढाएका कारण लगाइएको दण्डात्मक शुल्क वृद्धि कम गर्न आह्वान गरेको थियो । फेन्टानिलको व्यापार र एल्युमिनियम र स्टिलमा लगाइएको भन्सार शुल्कसँग सम्बन्धित वासिङ्टनले लगाएको केही उच्च भन्सार शुल्कहरू यथावत् छन् । द्रुतरूपमा परिवर्तन हुने नीतिहरूले विश्वका दुई ठूला अर्थतन्त्रमा प्रभाव पारिरहेको छ ।

आंशिकरूपमा कम्पनीहरू र घरपरिवारहरूले विदेशी सामानहरू किन्न हतार गरेका कारण अमेरिकी अर्थतन्त्र जनवरीदेखि मार्चसम्म वार्षिक ०.५ प्रतिशत दरले संकुचित भयो । चीनमा कारखाना नाफा मे महिनामा एक वर्ष अघिको तुलनामा नौ प्रतिशतभन्दा बढी घटेको छ । यसमा अटो निर्माताहरूले त्यो गिरावटको ठूलो हिस्सा भोगेका छन् । जनवरी-मे महिनामा तिनीहरू वार्षिक आधारमा एक प्रतिशतभन्दा बढी घटे ।

ट्रम्प र अन्य अमेरिकी अधिकारीहरूले भारतलगायत अन्य धेरै देशसँग व्यापारिक सम्झौतामा पुग्ने अपेक्षा गरेको संकेत दिएका छन् । 'हामी एकपछि अर्को सम्झौता गर्नेछौं,' लुटनिकले भने । *रासस/एपी*

# यी क्यानाडाली चट्टानहरू पृथ्वीमा सबैभन्दा पुरानो हुन सक्छन्

**न्युयोर्क–** वैज्ञानिकहरूले क्यानाडाको एक चट्टान संरचनाबाट पृथ्वीका सबैभन्दा पुराना चट्टानहरू हुनसक्ने कुराको पहिचान गरेका छन् । नुभुवागिटुक ग्रिनस्टोन बेल्ट लामो समयदेखि यसको प्राचीन चट्टानहरूका लागि परिचित छ- क्युबेकको हडसन खाडीको पूर्वी किनारमा रेखायुक्त खैरो ढुंगाका मैदानहरू । तर अनुसन्धानकर्ताहरू तिनीहरू कति पुराना छन् भन्ने बारेमा असहमत छन् ।



दुई दशकअघिको अनुसन्धानले ती चट्टानहरू चार अर्ब ३० करोड वर्ष पुरानो हुनसक्ने अनुमान गरेको छ, जसले तिनीहरूलाई पृथ्वीको इतिहासको प्रारम्भिक अवधिमा राखेको छ । तर फरक मिति निर्धारण विधि प्रयोग गर्ने अन्य वैज्ञानिकहरूले लामो समयअघिका दूषित पदार्थहरूले चट्टानको उमेरलाई बिगारिरहेका थिए र तिनीहरू वास्तवमा तीन अर्ब ८० करोड वर्ष पुरानामात्र थिए भनी तर्क गर्दै यस खोजलाई विरोध गरेका छन् ।

नयाँ अध्ययनमा अनुसन्धानकर्ताहरूले बेल्टको फरक खण्डबाट चट्टानको नमूना लिए र पहिलेका दुई मिति निर्धारण प्रविधिहरू प्रयोग गरी समयको साथ एक रेडियोधर्मी तत्व अर्कोमा कसरी क्षय हुन्छ भनेर मापन गरेर यसको उमेर अनुमान गरे । परिणामतः चट्टानहरू करिब चार अर्ब १६ करोड वर्ष पुराना थिए ।

'फरक विधिहरूले ठ्याक्कै उही उमेर दिए,' ओटावा विश्वविद्यालयका अध्ययन लेखक जोनाथन ओ'निलले भने । नयाँ अनुसन्धान बिहीबार साइन्स जर्नलमा प्रकाशित भएको थियो । पृथ्वी करिब चार अर्ब ५० करोड वर्ष पहिले सौर्यमण्डलको अस्तित्वपछि धुलो र ग्यासको बादलबाट उत्पन्न भएको थियो । आदिम चट्टानहरू प्रायः पृथ्वीको गतिशील टेक्टोनिक प्लेटहरूद्वारा पग्लिन्छन् र रिसाइकल हुन्छन्, जसले तिनीहरूलाई आज सतहमा अत्यन्त दुर्लभ बनाउँछ ।

वैज्ञानिकहरूले क्यानाडाको अर्को संरचनाबाट चार अर्ब वर्ष पुरानो चट्टानहरू पत्ता लगाएका छन् जसलाई कास्टा नाइस कम्प्लेक्स भनिन्छ । तर नुभुआगिटुक चट्टानहरू अझ पुराना हुन सक्छन् । पृथ्वीको प्रारम्भिक इतिहासबाट चट्टानहरूको अध्ययन गर्दा यो ग्रह कस्तो देखिन्थ्यो, यसको उथलपुथल भएको म्याग्मा महासागरहरूले कसरी टेक्टोनिक प्लेटहरूलाई बाटो दियो र जीवन कसरी सुरु भयो भन्ने कुराको झलक दिन सक्छ ।

ज्वालामुखी चट्टान र लाभाको अध्ययन गर्ने र नयाँ अध्ययनमा संलग्न नभएका आयोवा विश्वविद्यालयका मार्क रेगनले भने, 'त्यसबेला पृथ्वीमा के भइरहेको थियो भन्ने नमूना लिनु साँच्चै मूल्यवान् छ ।' चट्टानको गठन आदिवासी इनुक्जुक भूमिमा छ र स्थानीय इनुइट समुदायले वैज्ञानिकहरूलाई अघिल्लो भ्रमणबाट भएको क्षतिका कारण साइटबाट नमूना लिन अस्थायी रूपमा प्रतिबन्ध लगाएको छ । *रासस/एपी*


## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

**पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१। Reach-mond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी– गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी–विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१–४२७६५३०, फ्याक्सः०१–४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१–४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट –९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१– ४२२४१८१, ०१– ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।**

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १८९४०० | प्रति तोला – ० | प्रति तोला – २१६५ |



**छिटाहामा रोपाइँ** | सुनसरीको गढी गाउँपालिका-३, छिटाहामा शुक्रबार रोपाइँ गर्दै रोपाहार । आधा असार हुन लाग्दासम्म समेत पर्याप्त पानी नपरेर सिँचाइका लागि वैकल्पिक व्यवस्था गर्नु पर्दा किसानको लागत बढेको छ ।
*तस्बिर: नवीन गड्तौला/रासस*

# प्रविधि र नवप्रर्वतन क्षेत्रमा सहकार्य गर्न ढकालको आग्रह

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकाल तथा चीनको ग्वाङ्दोङ प्रान्तीय युनाइटेड फ्रन्ट वर्क डिपार्टमेन्टका मन्त्री वाङ सीबीच शुक्रबार भेटवार्ता गएको छ । चीनको ग्वाङ्दोङ प्रान्तीय पार्टी समितिका स्थायी समिति सदस्यसमेत रहेका सीसँग महासघ सचिवालय टेकुमा भेटवार्ता भएको हो ।



भेटका अवसरमा दुवै देशको आर्थिक तथा कूटनतिक सम्बन्ध, व्यापार लगानी तथा सहकार्यका विविध विषयमा छलफल भएको थियो । सो अवसरमा महासङ्घका अध्यक्ष ढकालले नेपाल र चीनबीच लामो र विश्वासिलो सम्बन्ध रहेको चर्चा गर्दै प्रविधि र नवप्रर्वतनका क्षेत्रमा सहकार्य गर्न आग्रह गरेको उनको सचिवालयले जनाएको छ ।

पर्यटन, पूर्वाधार, ऊर्जालगायत क्षेत्रमा चीनको सहयोगले नेपालको विकासमा महत्त्वपूर्ण टेवा पुगेको उल्लेख गर्दै अध्यक्ष ढकालले व्यापार तथा लगानीका क्षेत्रमा नेपाल र ग्वाङ्दोङबीच सहकार्यका प्रशस्त सम्भावना रहेको बताए ।

उनले भने, 'ग्वाङ्दोङसँग व्यापार तथा लगानीको सम्भावना साथै विज्ञान र प्रविधिको क्षेत्रमा भएको अनुभव र अहिले अन्तरराष्ट्रिय तथा आन्तरिक साझेदारीहरू निर्माणमा देखाइएको सक्रियताले नेपाल र गुआङ्दोङबीच नयाँ सहकार्यका ढोका खोल्नेछ ।'

नेपालको निजी क्षेत्रको प्रतिनिधिमूलक संस्था महासङ्घले व्यवसाय गर्न सहज वातावरण निर्माण गर्न गरेको पहलकाबारे जानकारी दिँदै अध्यक्ष ढकालले महासङ्घको सक्रियतामा सरकारले हालै ३० भन्दा बढी कानुन संशोधन तथा परिमार्जन गरेको उल्लेख गरेको उनका प्रेस संयोजक टिपी भुसालले जानकारी दिए ।

नेपाल र चीनबीच द्विपक्षीय लगानी सम्झौताको आवश्यकतामा जोड दिँदै उनले भने, 'यस्तो सम्झौताले कानुनी र संस्थागत संरचनालाई बलियो बनाउनेछ र चिनियाँ लगानीकर्ताहरूलाई नेपालमा लगानी गर्न प्रेरित गर्नेछ ।'

ऊर्जा, निर्माण, सूचना प्रविधि, पर्यटन र कृषि प्रशोधनजस्ता क्षेत्रमा नेपालमा लगानीका राम्रो अवसर रहेको उल्लेख गर्दै अध्यक्ष ढकालले ग्वाङ्दोङ सरकारसँग ती क्षेत्रका सम्भावित लगानीकर्ता र सङ्घसंस्थासँग जोडिन सहयोग गर्न आग्रह गरे । उनले संयुक्त उद्यम, व्यापार भ्रमण र ज्ञान आदानप्रदान कार्यक्रममा सहकार्य गर्न महासङ्घ तयार रहको बताए ।

ग्वाङ्दोङ प्रान्तीय पार्टी समितिका स्थायी समिति सदस्य सीले नेपाल चीनबीच लामो समयदेखि आर्थिक, सामाजिक तथा सांस्कृतिक सम्बन्ध रहेको चर्चा गर्दै नेपालको आर्थिक विकासमा चीन सधैँ सकारात्मक रहेको बताएका थिए ।

# अन्तर्राष्ट्रिय लघु, साना तथा मझौला व्यवसाय दिवस मनाइयो

■ प्रभाव संवाददाता

**काठमाडौं–** ग्लोबल आइएमई बैंक लिमिटेडले अन्तर्राष्ट्रिय लघु, साना तथा मझौला व्यवसाय दिवस भव्य रूपमा मनाएको छ । बैंकले आफूले ऋण लगानी गरेका लघु, साना तथा मझौला उद्यमीले उत्पादन गरेका वस्तुहरूलाई बजारीकरणमा सहजीकरण गर्ने उद्देश्यले सञ्चालन गरेको ग्लोबल हाटबजार सञ्चालनमा ल्याएको थियो ।

बैंकले शुक्रबार अन्तर्राष्ट्रिय लघु, साना तथा मझौला व्यवसाय दिवस तथा हाटबजार २५औं हप्तामा प्रवेश गरेको अवसर पारेर आफ्नो हाटबजारमा विशेष मेला आयोजना गरेको थियो ।

उद्यमीको उत्पादन, ग्लोबल आइएमईको प्रोत्साहन- भन्ने नारालाई आत्मसाथ गर्दै बैंकले आफ्नो लगानीमा सञ्चालित लघु, साना तथा मझौला उद्यमीहरूले गरेका उत्पादनलाई बजारसम्मको पहुँच विस्तार गराउने उद्देश्यले बैंकको काठमाडौंको कमलादी शाखामा हरेक शुक्रबार हाटबजार सञ्चालन गर्दै आएको छ ।




अन्तर्राष्ट्रिय लघु, साना तथा मझौला व्यवसाय दिवस तथा हाटबजारको २५औं हप्ता प्रवेशको अवसरमा आयोजित कार्यक्रममा बोल्दै बैंकका प्रमुख कार्यकारी अधिकृत सुरेन्द्रराज रेग्मीले मुलुकको अर्थतन्त्रमा लघु, साना तथा मझौला व्यवसायको महत्वपूर्ण भूमिका रहेको उल्लेख गर्दै हाटबजारले त्यस्ता उद्यम व्यवसायको प्रवर्द्धनमा विशेष योगदान पुऱ्याउने बताए ।

उनले हाटबजारले दिगो तथा हरित अर्थतन्त्र निर्माणमा योगदान पुऱ्याइरहेका लघु, साना तथा मझौला उद्यमहरूको बजारमा पहुँच विस्तार गर्न, कृषक र उपभोक्ताबिच प्रत्यक्ष सम्बन्ध बनाउन र कृषकलाई आफ्नो उत्पादनको उचित मूल्य प्रदान गर्न सहयोगी भूमिका खेलेको बताए ।

साथै, उनले हाटबजारले अर्गानिक, रैथाने तथा स्थानीय उत्पादनलाई प्रोत्साहित गर्दै बजारीकरण गर्न सहजीकरण गर्ने र नेपाली उत्पादकलाई हौसला प्रदान गरेको बताए । 'हामीले सानो तथा सिम्बोलिक अभियानको रूपमा सञ्चालन गरेको हाटबजार आजसम्म आइपुग्दा व्यापक भइसकेको छ । साथै, यो हाटबजारले नेपालको अर्गानिक, रैथाने तथा स्थानीय उत्पादनको प्रवर्द्धन गर्न महत्वपूर्ण योगदान गर्ने र उत्पादकलाई हौसला प्रदान गर्नेछ,' उनले भने ।

हाटबजारमा विषादी रहित कृषि उपज, रैथाने बाली तथा सो अनुरूपका बालीका उत्पादन, स्थानीय स्रोतको उपयोग गरी उत्पादन गरिएका हस्तकला सामग्री, सजावटमा प्रयोग हुने बिरुवा लगायतका दुई दर्जन बढी कृषक तथा व्यवसायीहरूका उत्पादन/सामग्रीहरू प्रदर्शन तथा बिक्रीका लागि राखिएको छ ।

आफ्ना ग्राहकहरूको सुविधालाई मध्यनजर गर्दै बैंकले विभिन्न किसिमका समय सान्दर्भिक योजनाहरू ल्याएर ग्राहकहरूलाई लावान्वित गर्दै आएको छ ।

ग्लोबल आइएमई बैंक ग्लोबल फाइनान्सको बेष्ट बैंक अवार्ड २०२४ तथा युरो मनी अवार्ड फर एक्सलेन्स २०२४ अन्तर्गतका दुई विधाबाट नेपालको सर्वश्रेष्ठ बैंकको रूपमा सम्मानित बैंक हो । साथै ग्लोबल आइएमई बैंक विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ-संस्थाहरूबाट फरकफरक विधामा सम्मानित भएको छ ।

ग्लोबल आइएमई बैंक मुलुकको सतहत्तरै जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो । बैंकको ३५२ शाखा कार्यालय, ३८५ एटिएम, १५८ शाखा रहित बैंकिङ्ग सेवा, ६८ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा बैदेशिक प्रतिनिधि कार्यालय समेत गरी १,००० भन्दा बढि सेवा केन्द्रबाट आफ्ना ग्राहकलाई उत्कृष्ट सेवा प्रदान गर्दै आइरहेको छ ।

बैंकले नेपाली नागरिकहरूलाई बैंकिङ सेवाहरू प्रदान गर्नुका अतिरिक्त विश्वका विभिन्न देशहरूबाट रेमिट्यान्स सेवा पनि दिँदै आएको छ । बैंकले संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, क्यानडा, अष्ट्रेलिया, मलेशिया, दक्षिण कोरिया, जापान, साउदी अरब, कतार, यूएई, बहराइन, कुवेत, भारत, जोर्डन लगायत अन्य देशहरूबाट रेमिट्यान्स भित्र्याउने काम गर्दै आएको छ ।

# गण्डकी प्रदेश सरकारको बजेट पारित

**गण्डकी (प्रस)–** गण्डकी प्रदेश सरकारको आगामी आव २०८२/८३ को बजेट प्रदेशसभाबाट बहुमतले पारित भएको छ । यही असार १ गते सार्वजनिक बजेट र मन्त्रालयगत विनियोजनमाथि प्रदेशसभामा भएको छलपछि शुक्रबार बजेट पारित गरिएको हो । यसअघि बजेटमाथि प्रदेशसभा सदस्यहरूले उठाएका प्रश्नको मन्त्रीहरू र मुख्यमन्त्रीले प्रदेशसभामा जवाफ प्रस्तुत गरेका थिए ।

बैठकमा मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले प्राथमिकताका आधारमा बजेट बाँडफाँट गरिएको बताए ।
पुरानो दायित्व थपिँदा कास्की र गोरखामा बढी बजेट विनियोजन भएको उनको भनाइ थियो । 'कास्की प्रदेशको राजधानी र पर्यटकीय राजधानीसमेत भएकाले बजेटको प्राथमिकतामा पर्नु स्वभाविक हो, गोरखामा पुराना आयोजनाको दायित्व सिर्जना हुँदा बजेट बढी विनियोजन भएको हो', मुख्यमन्त्री पाण्डेले भने ।

भौतिक पूर्वाधारतर्फ रु ५० लाखभन्दा कमका योजनामा बजेट नराख्ने भनिए पनि पुरानो दायित्वकै कारण कतिपय योजनामा त्योभन्दा थोरै बजेट विनियोजन गर्नुपर्ने बाध्यता रहेको उनले बताए । स्रोत सुनिश्चित नगरी योजना छनोट गर्ने प्रवृत्ति अन्त्य गर्नुपर्ने मुख्यमन्त्री पाण्डेले बताए । प्रदेश सरकारले आगामी आव २०८२/८३ का लागि रु ३१ अर्ब ९७ करोड ९९ लाख ९९ हजारको बजेट ल्याएको थियो ।

# तीन महिनाका लागि रोकियो भूमिगत विद्युतीकरणको काम

■ प्रभाव संवाददाता

**चितवन–** भरतपुर महानगरपालिकामा जारी भूमिगत विद्युतीकरणको काम रोकिएको छ । सडक विभागले वर्षायाममा सडक खन्न स्वीकृति नदिने जनाएपछि तीन महिनाका लागि भूमिगत विद्युतीकरणको काम रोकिएको हो ।

नेपाल विद्युत् प्राधिकरणको पोखरा-भरतपुर वितरण प्रणाली सुदृढीकरण आयोजनाले भूमिगत विद्युतीकरणको काम गरिरहेको छ । आयोजनाका प्रमुख इञ्जिनियर आनन्द सुवेदीका अनुसार यही असार ३ गतेदेखि भदौ मसान्तसम्मका लागि काम रोकिएको हो ।

उनले भने, 'अहिले मुख्य काम पाइप गाड्ने, पाइप हाल्ने, खाल्डा खन्नेलगायतका रोकिएको छ ।' अहिले पाइप गाडिसकिएका ठाउँमा केवल जोड्ने, पोल गाड्नेलगायतका काम भइरहेको उनले बताए । सडक विभागले वर्षात्मा खाल्डाखुल्डी खन्दा सडकको गुणस्तर बिग्रने भएकाले भूमिगत विद्युतीकरणको काममा रोक लगाएको हो । उनका अनुसार सडक छेउमा खाल्डा खन्दा सडकमा पानी पस्ने, भासिनेजस्ता समस्या हुने भएकाले काम रोकिएको हो ।

आयोजनाले हालसम्म भरतपुरकामा विद्युत् भूमिगतको काम ७५ प्रतिशत सम्पन्न गरेको उनले बताए । पूर्वपश्चिम राजमार्गअन्तर्गत पुलचोकबाट केन्द्रीय बस ट्रमिलनसम्मको सडकमा भूमिगत गर्ने काम सम्पन्न भएको छ । बाइपास सडकमा आँपटारीबाट केन्द्रीय बस ट्रमिलनसम्मको सडकमा एकतर्फी भूमिगतको काम सम्पन्न भएको छभने अर्कोतर्फ भूमिगत गर्ने काम बाँकी छ । उनले भने, 'फाउन्डेसन राख्ने काम सकिएको छ । केही ठाउँमा मुख्य लाइन जडान बाँकी रहेको छ ।' तेत्तीस केभी जडानको काम सकिएको छभने ११ केभी र ४०० भोल्टको केवल राख्ने काम जारी छ ।

खाल्डा खन्ने क्रममा पानी आउने भएकाले वर्षातपछि कामलाई तीव्र बनाइने उनले बताए । उनका अनुसार भरतपुर महानगरभित्र विद्युतीय तार भूमिगत गर्न रु एक अर्ब ४० करोड लागत लाग्ने छ । सुरुआती समयमा रु एक अर्ब ३० करोड बजेट भरतपुरलाई विनियोजन गरिएको थियो ।

निर्माणको ठेक्का भारतको टाटा प्रोजेक्ट लिमिटेडले लिएर विद्युतीय तार भूमिगत गर्ने काम गरिरहेको आयोजना प्रमुख सुवेदीले बताए ।

**धुम्रपान र मदिरा सेवन नगरौं**

**धूम्रपानले:**
- फोक्सोको क्यान्सर, मुटु रोग, दम जस्ता रोग लाग्न सक्छ,
- श्वासप्रश्वास प्रणालीमा असर गर्न सक्छ,
- मुख, घाँटी र छालामा क्यान्सर हुनसक्छ,
- गर्भावस्थामा धुम्रपान गरे बच्चाको स्वास्थ्यमा प्रतिकूल प्रभाव पर्न सक्छ,

**मदिरा सेवनले:**
- कलेजोको रोग हुनसक्छ,
- तनाव, डिप्रेशन जस्ता मानसिक स्वास्थ्यका समस्या देखा पर्न सक्छ,
- पारिवारिक कलह र अशान्ति छाउन सक्छ,

**'स्वस्थ्यकर जीवनशैली अपनाऔं, धुम्रपान र मदिराबाट टाढा रहौं'**

नेपाल सरकार
विज्ञापन बोर्ड

सम्पूर्ण एजेन्सी
तथा विज्ञापनदाताहरूमा
**हार्दिक अनुरोध !**

यस प्रभाव पब्लिकेसन प्रालिद्वारा प्रकाशित **प्रभाव राष्ट्रिय दैनिक**मा विज्ञापन प्रकाशित गरी कारोबार गर्दै आउनुभएका विज्ञापन एजेन्सी तथा विज्ञापनदाताहरूले विज्ञापन प्रकाशित गरेवापत हालसम्मको बाँकी बक्यौता रकम यही **मिति २०८२ असार १५ गतेभित्र भुक्तानी** गरी हरहिसाब मिलान गर्नुहुन सादर अनुरोध गर्दछौं । साथै सम्पूर्ण विज्ञापनदाता तथा एजेन्सीहरूसँग सहकार्यका लागि हार्दिक कृतज्ञता व्यक्त गर्दै आगामी दिनमा अझै प्रगाढ र सुमधुर सम्बन्ध रहने अपेक्षा गर्दछौं ।

लेखा शाखा
**प्रभाव पब्लिकेसन प्रा.लि.**
सिफल-७, काठमाडौं, नेपाल, फोन: ९७७-१-४३७३५७७, ४५८४३६८, मोबाइल नं. ९७६१८१५४००
Email:Marketing2prabhab@gmail.com

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ